का.जि.प्र.का.द.नं. १००/०५९/६०
१२ मंसिर २०८२
शुक्रबार
28 November 2025
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २८८ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# पुसमा महाधिवेशन ‘पक्का’ गर्ने प्रयास



“सभापतिले पार्टीमा विभाजन नहुने गरेर सबैको सल्लाहअनुसार काम गर्नुस् भन्नुभएको छ । उहाँको यसै गर्नुस् भन्ने कुनै निर्देशन छैन ।

■ रमेश लेखक
केन्द्रीय सदस्य

“चुनावअघि नै महाधिवेशन गर्नेगरी कार्यतालिका ल्याए ठिकै छ, नत्र विधानअनुसार विशेष महाधिवेशन बोलाएर नयाँ नेतृत्व चुन्छौं ।

■ मधु आचार्य
केन्द्रीय सदस्य



चुनावमा निकटका नेतालाई टिकट बाँड्नेदेखि समानुपातिक सांसद बन्नेसम्मको अन्तिम प्रयासमा संस्थापन पक्षका सात भाइ नेता लागेका छन् । इतर समूहका नेता चुनावअघि नियमित महाधिवेशन नगरे ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको मागअनुसार विशेष महाधिवेशन बोलाएर नयाँ नेतृत्व छान्ने तयारीमा छन् ।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ११ मंसिर

नेपाली कांग्रेसमा चर्कंदै गएका १५औं महाधिवेशनको विवाद मिलाउन शीर्ष नेताहरूबीच गहन संवाद भएको छ । त्यसका लागि सभापति शेरबहादुर देउवा, कार्यवाहक सभापति पूर्णबहादुर खड्का, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माबीच बिहीबार रातिसम्म छलफल भए पनि निष्कर्ष निस्कन सकेको छैन ।

विधानबमोजिम पार्टीको आवधिक महाधिवेशन/विशेष महाधिवेशनका सन्दर्भका नेताबीच चुलिँदै गएको असमझदारीले कांग्रेस संकटपूर्ण अवस्थामा पुगेको छ । कांग्रेसलाई लयमा फर्काउन आगामी पुस मसान्तभित्रै नियमित महाधिवेशन गर्ने र विशेष महाधिवेशनको हस्ताक्षर निष्क्रिय »» पृष्ठ २ मा

# राजनीतिमा लागिन् मुस्कान



**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ११ मंसिर

पाँच वर्षअघि तेजाब आक्रमणमा पर्दा मुस्कान खातुन भर्खर १६ वर्षकी थिइन् । उनले आफ्नो उपचारका लागि मात्र होइन्, आफूजस्तै हिंसामा परेका महिलाको न्यायका लागि संघर्ष गरिन् । तेजाब आक्रमणविरुद्ध कडा कानुन बनाउने अभियानको नेतृत्व गरिन् । उनै मुस्कानले बिहीबार राजनीतिक यात्रा सुरु गरेकी छन् । नेपाली कम्युनिस्ट पार्टी प्रवेश गर्दै उनले भनिन्, ‘जसले मलाई तेजाब आक्रमण गरेको थियो, उसले मेरो अनुहार जलाएको छ, मेरो सपना जलाएको छैन ।’

वीरगन्जकी मुस्कान २०७६ साल भदौ २० गते एसिड आक्रमणमा परेकी थिइन् । लामो उपचारपछि घाउ निको भए पनि अनुहारमा अझै पनि दाग छन् । त्यतिबेला उनी कक्षा ९ मा पढदै थिइन् । स्कुल जान लागेका बेलामा एक युवकले उनीमाथि तेजाब खन्याएका थिए । ती युवकले गरेको प्रेम प्रस्ताव मुस्कानले अस्वीकार गरेका थिए । त्यसैको बदलामा युवकले साथीसँग मिलेर मुस्कानमाथि तेजाब आक्रमण गरेका थिए । तेजाबले जलेर उनको अनुहार र शरीरमा गम्भीर चोट पुऱ्याएको छ । »» पृष्ठ २ मा

# आचारसंहितामा आयोगको बठ्याइँ

## सम्पत्ति विवरण सार्वजनिक गर्न जनप्रतिनिधिको मञ्जुरी अनिवार्य !



“पदमा जाँदा के कति सम्पत्ति थियो र पदबाट हट्दा के कति थपघट भयो भनेर जनताले थाहा पाउनुपर्छ । यसलाई लोकतन्त्रमा सुशासनको ऐनाका रूपमा लिइन्छ ।

■ काशीराज दाहाल
सुशासनविद्

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ मंसिर

भट्ट हेर्दा निर्वाचन आयोगले जनप्रतिनिधिको सम्पत्ति विवरण अनिवार्य सार्वजनिक गर्न खोजेको देखिन्छ । निर्वाचन आचारसंहितामा प्रतिनिधि सभा सदस्यको उम्मेदवारले अनिवार्य रूपमा मनोनयन पत्रका साथ सम्पत्ति विवरण बुझाउनुपर्ने प्रावधान छ । तर त्यस्तो सम्पत्ति विवरण सार्वजनिक गर्ने वा नगर्ने विषयमा आयोगले दोहोरो मापदण्ड राखेको छ ।

आचारसंहिताको बुँदा नम्बर १९ हेर्दा निर्वाचन आयोगले जनप्रतिनिधिको सम्पत्ति विवरण अनिवार्य रूपमा सार्वजनिक गर्न खोजेको जस्तो देखिन्छ । जसको शीर्षक नै ‘सम्पत्ति विवरण पेस गर्नुपर्ने’ भन्ने छ ।

यो आचारसंहिताअनुसार प्रतिनिधि सभा सदस्यको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष चुनाव लड्ने उम्मेदवार)ले निर्वाचन प्रणालीतर्फ उम्मेदवार हुने व्यक्तिले मनोनयनपत्र साथ आयोगले तोकेको ढाँचामा सम्पत्ति विवरण तयार गरी शिलबन्दी रूपमा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पेस गर्नुपर्नेछ ।

> विगतमा जनप्रतिनिधिबाट स्वार्थ बाझिनेगरी समेत कानुन बनेको आरोप लाग्ने गरेको छ । यसकारण जनप्रतिनिधिहरूको सम्पत्ति विवरण अनिवार्य सार्वजनिक गर्नुपर्छ, समयसमयमा अनुगमन र भ्रष्टाचारजन्य क्रियाकलाप गरेको छ कि भनेर जाँच गर्नुपर्छ ।

त्यस्तो सम्पत्ति विवरणको व्यवस्थापन आयोगले गर्नेछ । मतदानको अन्तिम परिणाम प्रकाशन नभएसम्म सुरक्षित र गोप्य रूपमा राखिनेछ । प्राप्त सम्पत्ति विवरण सार्वजनिक गर्ने सन्दर्भमा भने निर्वाचन आयोगले चतुऱ्याइँ गरेको छ । भट्ट हेर्दा जनप्रतिनिधिहरूको सम्पत्ति विवरण आयोगले सार्वजनिक गर्न खोजेको देखिन्छ । तर सर्त राखिएको छ सम्बन्धित जनप्रतिनिधिको मञ्जुरी अनिवार्य गरिएको छ ।

जहाँ भनिएको छ, ‘सम्पत्ति विवरण पेस गर्ने उम्मेदवार निर्वाचित भएमा निजको मञ्जुरीको आधारमा आयोगले तोकेबमोजिम त्यस्तो सम्पत्ति विवरण सार्वजनिक गरिनेछ । »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# स्वास्थ्य परीक्षण शुल्कवृद्धि तत्काल फिर्ता लिन वैदेशिक रोजगार व्यवसायीहरूको जोडदार माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ मंसिर

नेपाल वैदेशिक रोजगार व्यवसायी संघसहित प्रमुख राजनीतिक दल निकट वैदेशिक रोजगार व्यवसायीका संस्थाहरूले वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण शुल्क बढाउनु अव्यहारिक भएको भन्दै फिर्ता लिन माग गरेका छन् । स्वास्थ्य व्यवसायीहरूले गत बुधबारदेखि साबिकको स्वास्थ्य परीक्षण युएईको हकमा ४ हजार ५ सयमा दुई गुणाभन्दा बढ़ि बृद्धि गरी ९ हजार ५ सय र अन्य मुलुकको हकमा ६ हजार ५ सयमा ३ हजार थप गरेर ९ हजार ५ सय रुपैयाँ कायम गरेका छन् ।

नेपाल स्वास्थ्य व्यवसायी महासंघ, नेपाल मेडिकल व्यवसायी संघलगायतका स्वास्थ्य व्यवसायीका संस्थाहरूले स्वास्थ्य परीक्षणको क्षेत्र बढेका कारण स्वास्थ्य परीक्षणको गुणस्तर कायम राख्न शुल्क वृद्धि गर्नु बाध्यता भएको बताइरहेका छन् । तर नेपाल वैदेशिक रोजगार व्यवसायी संघसहित प्रमुख राजनीतिक दल निकट वैदेशिक रोजगार व्यवसायीका संस्थाहरूले बढाइएको शुल्कले विपन्न अवस्थामा रहेका कामदारमाथि आर्थिकभार थपेको टिप्पणी गर्दै पुरानै शुल्कमा स्वास्थ्य परीक्षण गर्नुपर्ने माग गरेका छन् ।

संघसहित नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च, वैदेशिक रोजगार युवा व्यवसायी संघलगायतले बिहीबार छुट्टाछुट्टै विज्ञप्ति जारी गरेर शुल्क वृद्धि फिर्ताको माग गरेका छन् ।

व्यवसायीहरूको छाता संस्था संघका अध्यक्ष भुवनसिंह गुरुङले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षणको शुल्क वृद्धिको विषय संघको सरोकारको विषय भन्दै छलफलर जानकारीबिना »» पृष्ठ २ मा

## प्रेस विज्ञप्ति

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन आफ्नो स्थापनाकालदेखि नै वैदेशिक रोजगारमा जाने नेपाली कामदार तथा वैदेशिक रोजगार व्यवसायीका हक अधिकारप्रति सचेत र प्रतिबद्ध रहेको आम वैदेशिक रोजगार व्यवसायीज्यूहरूका बीचमा स्पष्ट रहेको छ । यसै सन्दर्भमा वैदेशिक रोजगारीमा जाने कामदारका लागि गरिने स्वास्थ्य परीक्षण शुल्कमा एकैपटक ठुलो परिमाणमा वृद्धि गरिएको विषयमा यस एसोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ । २०८२ मंसिर १० गते बुधबारदेखि लागू हुनेगरी स्वास्थ्य परीक्षण शुल्क युएई मुलुकको हकमा ४ हजार ५ सय रुपैयाँबाट दोब्बरभन्दा बढी ९ हजार ५ सय रुपैयाँ र अन्य मुलुकको हकमा ६ हजार ५ सयबाट ४६ प्रतिशत भन्दा बढीले बढाएर ९ हजार ५ सय रुपैयाँ तोकिनु वैदेशिक रोजगारमा जाने गरिबी र विपन्न अवस्थामा रहेका कामदारमाथि गरिएको चरम आर्थिक शोषण हो भन्ने यस एसोसिएसनको निष्कर्ष छ । सरकारले खाडी तथा मलेसिया मुलुकमा वैदेशिक रोजगारमा जान दश हजार सेवा शुल्क तोकेको अवस्थामा स्वास्थ्य परीक्षण शुल्क नै ९ हजार ५ सय लिनु गम्भीर आपत्तिको विषय हो ।

रोजगारीका लागि विशेषगरी मलेसिया र खाडी मुलुक जाने नेपाली अति विपन्न अवस्थामा रहेका छन् । औसतमा दैनिक १ हजार ५ सय नेपाली वैदेशिक रोजगारीमा जाने तथ्यांकलाई आधार मान्दा विपन्न श्रमिकमाथि वार्षिक अर्बौं रुपैयाँको आर्थिक भार थप्ने निश्चित छ । अस्वभाविक रूपमा शुल्क बढाउने पक्षले विदेश जाने कामदारले भोग्नुपर्ने स्वास्थ्य जोखिमलाई ध्यानमा राखेर परीक्षण प्रणालीलाई आधुनिक, व्यवस्थित र विश्वसनीय बनाउने जिकिर गरेको छ । तर व्यवहारमा श्रम गन्तव्य मुलुकले नेपालमा गरिने स्वास्थ्य परीक्षणको विश्वास नगरी आफ्नो मुलुकको मापदण्डअनुसार स्वास्थ्य परीक्षण गराउने गरेका छन् । नेपालमा हुने स्वास्थ्य परीक्षण केवल श्रम स्वीकृतिको कानुनी प्रक्रिया पूरा गर्ने औपचारिकता मात्रै भएको व्यवहारमा पुष्टि भएको छ भने प्रमाणिक स्वास्थ्य परीक्षण गर्न शुल्क बढाउने तर्क केवल आफ्नो आर्थिक स्वार्थ परिपूर्ति गर्ने बहानाबाजी मात्रै भएको प्रष्ट छ । यस्तो अवस्थामा विपन्न अवस्थामा रहेका कामदारमाथि आर्थिक भार हुने गरी गरिएको स्वास्थ्य परीक्षण शुल्क वृद्धि तत्काल फिर्ता लिन सम्बन्धित सरोकारवाला सम्बन्धित मन्त्रालयहरूको गम्भीर ध्यानाकर्षण गराउँदछौं । यो मूल्यवृद्धि हुनुमा सरकारी चलखेल रहेको हुनसक्ने हाम्रो आशंका छ । यसर्थ अस्वभाविक र अवैज्ञानिक रूपमा बढाएको मूल्यवृद्धि फिर्ता नलिएको अवस्थामा हामी कामदारको हितमा जस्तोसुकै कदम चाल्न बाध्य हुने चेतावनी दिँदै तत्पश्चात उत्पन्न हुने परिणामको जिम्मेवारी सम्बन्धित पक्षले लिनुपर्ने समेत जानकारी गराउँदछौं ।

**दीपक थापा**
अध्यक्ष

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन**
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४५६६४२८, ईमेल: ndfeefforum@gmail.com

## प्रेस विज्ञप्ति

वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरू नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सदस्य संस्थाहरूमार्फत नै जाने वा पठाइने हुँदा ति नेपाली श्रमिकहरू हाम्रा हुन् र उनीहरूको विषय प्रत्यक्ष रूपमा हामी व्यवसायीसँग जोडिएको विषय हो । नेपाली श्रमिकहरूको हक, हित, सम्मान र सुरक्षा सम्बन्धमा हामी सदैव जिम्मेवार र जवाफदेही रहँदै आएका छौं । यसर्थ यो क्षेत्रको नीतिगत निर्णयहरूमा हाम्रो सहमति वा समन्वय अपरिहार्य रहन्छ । बिना छलफल एकतर्फी रूपमा भएका वा गरेका निर्णयहरू वैदेशिक रोजगारका प्रमुख सर्जक हामी व्यवसायी र श्रमिकको हितमा नभए हामीलाई स्वीकार्य हुँदैन ।

वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षणका लागि गरिएको स्वास्थ्य संस्थाहरूको सूचीकृत प्रक्रिया शंकास्पद देखिएको र स्वास्थ्य परीक्षण शुल्क रु. ९,५०० तोकिएका विषयहरू हामी व्यवसायी र नेपाली श्रमिकहरूका लागि गम्भीर र अकल्पनीय कदम रहेको संघको ठहर छ । श्रमिकको काँधमा अनावश्यक आर्थिक बोझ थोपर्ने, वैदेशिक रोजगारीका प्रमुख सर्जक तथा मध्यस्थकर्ता हामीलाई बेवास्ता गर्ने कार्यप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी संघ घोर आपत्ति प्रकट गर्दछ । वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षण शुल्क वृद्धि तथा अभिमुखीकरण शुल्क वृद्धि सम्बन्धमा संघसँग कुनै छलफल, सूचना वा समन्वय नभएको स्पष्ट गराउँदछौं । वर्तमान अवस्थामा मन्त्रीविहीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्माननीय प्रधानमन्त्रीको मातहतमा रहेकै बेला अवैज्ञानिक तरिकाले नेपाली कामदारमाथि आर्थिक बोझ बढाउने नीतिगत निर्णय कार्यान्वयनमा लान खोज्नु सुशासन, पारदर्शिता र उत्तरदायित्वविरुद्धको प्रत्यक्ष आक्रमण हो । वैदेशिक रोजगार क्षेत्र देशको आर्थिक मेरुदण्ड हो- यस क्षेत्रमा सुधार चाहिन्छ भने, हाम्रो संघको संस्थागत आवाज सम्बन्धित निकायहरूले सुन्नुपर्छ र विकृतिलाई संरक्षण दिनु हुँदैन ।

वैदेशिक रोजगारीमा जाने कामदारमाथि अनावश्यक शीर्षकमा परीक्षणहरू थोपर्नु पूर्णरूपमा अन्यायपूर्ण र अव्यवहारिक निर्णय हो, जुन परीक्षणहरू गन्तव्य मुलुकका लागि अनिवार्य छैन । त्यस्ता परीक्षणहरू थप्नु भनेको नेपाली श्रमिकका लागि आर्थिक बोझ थप्ने कुनियत हो । नेपालमा गरिने स्वास्थ्य परीक्षणलाई केही गन्तव्य मुलुकहरूले मान्यता नदिने हुँदा कामदार विदेश पुगेपछि पुनः स्वास्थ्य परीक्षण गर्नुपर्ने हालको अवस्था छ । यदि विदेशमा ‘मेडिकल अनफिट’ भई नेपाल फर्कनुपर्ने भएमा ठुलो आर्थिक नोक्सानी हुने र जसमा कामदारलाई क्षतिपूर्ति दिनुपर्ने र रोजगारदाता कम्पनीले समेत आर्थिक क्षतिको जिम्मेवार हाम्रा इजाजतवाला संस्थालाई नै बनाइरहेको अवस्था छ । यसरी कामदार स्वास्थ्य परीक्षणमा असफल हुँदा आर्थिक क्षतिको जिम्मेवारी समेत स्पष्ट नबनाई कामदारलाई थप परीक्षणको नाममा शुल्क बढाउँदै गरिएको निर्णय सर्वोपरी हित, न्यायसंगत र समयअनुकूल छैन । साथै अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूले समेत मनोमानी रकम संकलन गरेको गुनासो पनि निरन्तर आइरहेका छन्, जुन विषयको निर्णय संघमा प्राप्त नभएकाले यस्तो मनोमानीपूर्ण रकम असुलीप्रति संघको गम्भीर ध्यानाकर्षण र कडा आपत्ति छ । यस्ता एकतर्फी निर्णय नसच्याइए हाम्रा कामदारहरूको स्वास्थ्य परीक्षण तथा अभिमुखीकरण शुल्क यथावत् राखेर संघ आफैंले माथिका समस्या व्यवस्थापन गर्ने नीति लिँदै अघि बढ्न बाध्य हुनेछ- यसबाट उत्पन्न असर सम्बन्धित निकायहरूले वहन गर्नुपर्ने व्यहोरासमेत जानकारी गराउँदछौं ।

यस विषयको गम्भीरतालाई ध्यानमा राखेर मेडिकल परीक्षण शुल्कमा गरिएको वृद्धि तत्काल फिर्ता गरियोस्, गन्तव्य मुलुकमा आवश्यक नपर्ने परीक्षणहरू तुरुन्तै हटाइयोस्, अभिमुखीकरण तालिमको शुल्क वृद्धि यथास्थितिमा राखियोस् र वैदेशिक रोजगारसँग सम्बन्धित कुनै पनि विषयमा भविष्यमा संघसँग छलफल र समन्वय गरेर मात्र त्यसको व्यवहारिक पक्ष र पारदर्शिता ध्यान दिएर तथ्यगत अध्ययनमा आधारित निर्णयहरू गरियोस् । कामदारमाथि अन्यायपूर्ण आर्थिक भार थोपर्ने, विकृतिलाई संरक्षण दिने, सिन्डिकेटलाई पक्षपोषण गर्ने र समन्वयबिनाका निर्णय गर्ने हर प्रयासलाई नेपाल वैदेशिक रोजगार व्यवसायी संघले कुनै हालतमा स्वीकार गर्ने छैन । साथै नेपाली कामदारहरूको हक, हित, सम्मान र सुरक्षामा कुनै सम्झौता हुँदैन र त्यस्ता कुकार्य र प्रयासका विरुद्धमा जुनसुकै कदम चाल्नसमेत संघ बाध्य हुने व्यहोरा वैदेशिक रोजगारसँग सरोकार राख्ने निकायहरू तथा सर्वसाधारणमा स्पष्ट पार्न चाहान्छौं ।

**महेश कुमार बस्नेत**
महासचिव

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ परिवार**
सिफल-७, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८

मध्यान्ह
www.madhyanhadaily.com
१२ मंसिर २०८२ शुक्रबार
28 November 2025 Friday

# ‘नातावादको विरोध गर्दा हटाइयो’



**काठमाडौं/मस**–प्रधानमन्त्री सुशीला कार्कीको सचिवालयबाट हटाइएका तीन सदस्यले आफूहरूलाई नातावाद र कृपावादविरुद्ध आवाज उठाएको प्रतिफलस्वरूप निकालिएको दाबी गरेका छन् । बुधबारदेखि युवा तथा सामाजिक विज्ञ प्रदीप ज्ञवाली, सूचना-प्रविधि विज्ञ अरुण कटुवाल र शाखा अधिकृत आकृति घिमिरेलाई सचिवालयबाट हटाइएको हो ।

तीनैजना मिलेर जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठले आफ्नी श्रीमती र अन्य नातेदारलाई सचिवालयमा गरेको भर्तीकै विषयमा हामीले उठाएको प्रश्नका कारण ‘प्रतिशोध’ स्वरूप पदबाट हटाइएको हो ।’

हटाइएका सदस्यहरूका अनुसार, प्रधानमन्त्रीको सचिवालयले भदौ २३ पछि जारी जेनजी आन्दोलनले उठाएको सुशासनको मर्मअनुसार काम गर्नुपर्नेमा उल्टै नातावादलाई प्रश्रय दिएको देखिएपछि उनीहरूले आपत्ति जनाएका थिए । तर त्यसपछि प्रमुख स्वकीय सचिवले ‘घेराबन्दी गर्दै’ नियुक्ति खारेजीको निर्णय गराएको आरोप छ ।

ज्ञवालीले भने,‘हामी कुनै रोजगारी खोजेर गएका थिएनौं । देशलाई सहयोग होस् भनेर टीममा सहभागी भएका थियौं । तर नातावादको विरोध गर्ने बित्तिकै बर्खास्त गरियो ।’

कटुवाल र घिमिरेले पनि आफूहरूको भूमिकालाई अवमूल्यन गर्दै सरकारले ‘काम गर्ने समूह’ नै हटाइदिएको प्रतिक्रिया दिएका छन् ।

प्रधानमन्त्री कार्कीले सचिवालयको संरचना सानो बनाउने निर्णय गरेसँगै अहिले सचिवालयमा मुख्य सल्लाहकार, जनसम्पर्क सल्लाहकार, प्रमुख स्वकीय सचिव, प्रेस संयोजक, स्वकीय शाखा अधिकृत (फोटोग्राफर)तथा अवैतनिक जनस्वास्थ्य विज्ञ गरी जम्मा ६ जना मात्र बाँकी छन् । यापूर्व सचिवालयमा २० जना कार्यरत थिए । प्रमुख स्वकीय सचिव श्रेष्ठले आफ्नी श्रीमती संगीता श्रेष्ठलाई सचिवालयमै नियुक्ति गरेको विषय सार्वजनिक भएपछि विवाद चुलिएको थियो ।

आकृति घिमिरे भन्छिन्, ‘सचिवालयको गरिमा पहिले नै कमजोर थियो । फेरि नातावाद दोहोरिएपछि हामीले त्यसविरुद्ध स्पष्ट रूपमा बोलेका थियौं । त्यही कारण हटाइयो ।’ उनका अनुसार सचिवालयमै बसेर मतदाता नामावलीलाई राष्ट्रिय परिचयपत्रसँग जोड्ने, अन्तरजिल्ला मतदानका प्रक्रिया, विदेशस्थित नेपालीका लागि मतदान प्रणाली लगायतका काममा उनीहरू निरन्तर सक्रिय थिए ।

कटुवालले सचिवालयभित्र ‘काम नगर्नेहरूभन्दा काम गर्नेहरू हटाइएका’ टिप्पणी गर्दै भने,‘हामी तीनैजना दिनहुँ काममा समर्पित थियौं । तर अहिले सचिवालयमा रहेका धेरैलाई न बालुवाटारमा देखिन्थ्यो, न सिंहदरबारमा ।’ ज्ञवाली, कटुवाल र घिमिरेले प्रधानमन्त्री कार्कीलाई कुनै विशेष समूहको प्रभावबाट बाहिर निस्केर राष्ट्रहितमा निर्णय लिन आग्रह गरेका छन् । साथै उनीहरूले प्रमुख स्वकीय सचिव आदर्श श्रेष्ठलाई हटाउनुपर्ने माग दोहोऱ्याएका छन् ।

# धोबिनी गाउँपालिकाका स्वास्थ्य संस्थामा औषधी अभाव

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, ११ मंसिर



पर्साको धोबिनी गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरूमा औषधी अभाव हुँदा बिरामीहरू मर्कामा परेका छन् । धोबिनी वडा नम्बर-१ घोडदौरा, वडा नम्बर-२ को प्राथमिक स्वास्थ्य केन्द्र भिखमपुर, वडा नम्बर-३ को हरिपुर स्वास्थ्य चौकी, वडा नम्बर-४ को लङ्गडी र वडा नम्बर-५ को धोबिनीका स्वास्थ्य संस्थामा औषधी अभाव हुँदा बिरामी मर्कामा परेका हुन् ।

प्रसूतिका लागि आवश्यक स्वास्थ्य सामग्री र औषधी अभाव हुँदा लङ्गडी र प्राथमिक स्वास्थ्य केन्द्र भिखमपुरका बर्थिङ सेन्टर बन्द भएको स्वास्थ्यकर्मीले बताए । सेन्टरमा साबुनसमेत नरहेको स्वास्थ्यकर्मी बताउँछन् ।

स्वास्थ्य संस्थामा औषधी अभाव हुँदा बिरामीहरू उपचारबिनै घर फर्किने गरेका छन् । सरकारले तोकेको मापदण्ड अनुसार स्वास्थ्य संस्थाहरूमा ९८ प्रकारका औषधी खरिद गरि निःशुल्क विवरण गरिन्छ । तर, यी स्वास्थ्य संस्थाहरूमा भने निःशुल्क पाइने औषधीसमेत अभाव भएको स्वास्थ्यकर्मीले बताएका छन् । गत आर्थिक वर्ष २०८१/०८२ मा औषधी खरिद गरिएको थियो । यस वर्षको आर्थिक वर्षमा भने पालिका प्रमुखको लेनदेन नमिलेपछि औषधी खरिद नभएको स्थानीयको आरोप छ ।

कमिशनको चलखेलका कारण ५० लाख बराबरको औषधी खरिद भएपनि छिट्टै सकिने गरेको छ । ‘स्वास्थ्य चौकी लङ्गडीका प्रमुख जयन्त यादवका अनुसार गत वर्ष खरिद गरेको औषधी सकिएको छ, स्वास्थ्य प्रमुखसँग औषधीको लिखित सूची माग गर्दा अहिलेसम्म उपलब्ध गराएका छैनन्’उनले भने, ‘स्वास्थ्य संस्थामा बिरामीको चेकजाँच पश्चात् औषधी नपाउँदा बिरामी दुखेसो पोख्छन् ।’

यी स्वास्थ्य संस्थाहरूमा गत असोजयता औषधी उपलब्ध छैन । स्वास्थ्य संस्थाका प्रमुखहरूले औषधिका लागि लिखित रूपमै माग गर्दा पनि सम्बन्धित निकायले नसुनेको उनीहरूको गुनासो छ ।

चिसो मौसम सुरु भएसँगै बिरामीको चाप बढेको छ । रुघाखोकी, ज्वरो र झाडापखालाका बिरामी ह्वात्तै बढेका छन् । स्वास्थ्य संस्थामा भने सिटामोल, जीवनजल समेत नपाएपछि उनीहरू रित्तो हात फर्किने गरेका छन् ।

स्वास्थ्य संस्थाहरूमा औषधी अभावबारे गाउँपालिकाका स्वास्थ्य संयोजक केविन्द्रकिशोर यादवले स्वास्थ्य संस्थाहरूबाट औषधी मागबारे गाउँपालिकालाई जानकारी गराए पनि अहिलेसम्म खरिद नभएको बताए ।

स्टोरमा उपलब्ध केही औषधी वितरण गरिएको उनले बताए । यादवले अहिलेसम्म खरिद नभएकै कारण समस्या भएको हो । औषधी अभावबारे गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद खतिवडाले औषधी खरिद प्रक्रिया सुरु भइसकेको र छिट्टै खरिद गरेर स्वास्थ्य संस्थामा पठाइने बताए ।

# ‘पुनर्निर्माणका लागि विकास बजेट कटौती गर्दैनौं’

**कास्की/मस**– गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जेनजी आन्दोलनमा भएको क्षतिको पुनःनिर्माणका लागि विकास बजेट कटौती नगर्ने बताएका छन् ।

गण्डकी प्रदेश समन्वय परिषद्को नवौं बैठकको अध्यक्षता गर्दै मुख्यमन्त्री पाण्डेले केही चालु खर्चअन्तर्गतका भ्रमण, सेमिनार, गोष्ठी आदिका खर्च कटौती गरिने भए पनि विकास खर्चलाई कटौती नगरिने स्पष्ट पारे । कार्यविस्तृतीकरण प्रतिवेदन यथाशीघ्र परिमार्जन गर्न संघ सरकारसँग बैठकले आग्रह गरेको छ । प्रदेश र पालिकाका समस्या सुनाउने राष्ट्रिय समन्वय परिषद्को बैठक लामो समयदेखि नबसेका कारण अविलम्ब बैठक गर्न आग्रह गर्दै यसअघिका सबै निर्णय यथाशीघ्र कार्यान्वयनको माग गरिएको छ ।

गण्डकी प्रदेश र यसभित्रका स्थानीय तहले संघबाट पाउने अनुदान कटौती हुनसक्ने भन्दै कुनै पनि आयोजना र बजेट कटौती नगर्ने मागसहित विभिन्न निर्णय गरेको छ । बैठकले गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका क्रममा भएको क्षतिको समीक्षा गर्दै पुनर्निर्माण र सेवा प्रवाह थालनी गर्ने निर्णय गरेको छ । प्रदेश समन्वय परिषद्अन्तर्गत रहने कानुनी विषयगत समिति गठन गर्ने निर्णय गरिएको छ ।

अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्र आयोजनाभित्र नदीजन्य पदार्थको संकलन र उपभोग गर्न स्थानीय तहले पाउने व्यवस्था गर्न बैठकले माग गरेको छ । नदीजन्य पदार्थको समयमै व्यवस्थापन गरी क्षति कम गर्न राष्ट्रिय वन क्षेत्रभित्र स्थानीय तहले र राष्ट्रिय वन क्षेत्र बाहिरको क्षेत्रमा डिभिजन वन कार्यालयले समन्वय र सहजीकरण गर्ने व्यवस्था मिलाउन आग्रह गरिएको छ ।

# कुलपति डा.पाण्डेसँग नेपाली विद्यार्थीका समस्याबारे छलफल

**राँची/मस**– आर.के.डी. एफ. विश्वविद्यालयका कुलपति डा.अमित कुमार पाण्डेसँग नेपाली प्रतिनिधि मण्डलले भेटवार्ता गरेको छ ।



दिल्लीमा आयोजित युथ फोर्स कार्यक्रममा प्रमुख अतिथि रहेका पाण्डेसँग नेपाली प्रतिनिधि मण्डलले छुट्टै भेट गरेको हो । सो क्रममा नेपाली विद्यार्थीहरूले सामना गरिरहेको समस्या, सेवा-सुविधाको अवस्था र सम्भावित समाधानका उपायहरूबारे कुलपति डा.पाण्डे र नेपाली प्रतिनिधि मण्डलबीच विस्तृत विचार-विमर्श भएको थियो । विशेष गरी, नेपालका विद्यार्थीहरूले भारतमा बैंक खाता खोल्दा नयाँ कानुनअनुसार आधार कार्ड अनिवार्य भएको कारण समस्या भोगिरहेका छन् । तर, विश्वविद्यालयका कुलपति डा.पाण्डेको पहलपछि बैंकले नेपाली पासपोर्टको आधारमा पनि खाता खोल्न सकिने निर्देशन प्रदान गरेको जानकारी दिइएको छ ।

डा.पाण्डे पहिले देखिनै नेपालसँग सम्बन्धित विषयमा सक्रिय र जानकार रहेको बताइएको छ । केही वर्षअघि उनले इन्जिनियर बसीरुद्दिन अजादसँग मिलेर त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धन र संयुक्त पठन-पाठन कार्यक्रम सञ्चालन गर्ने प्रयास गरेका थिए । तर, नेपालका त्रिभुवन विश्वविद्यालयबाट आवश्यक चासो नपाएको कारण उक्त कार्यक्रम अघि बढ्न सकेको थिएन । यसैबीच युथ फोर्सको कार्यक्रममा मध्यान्हकर्मी इसत्याक अहमदलाई सम्मान गरिएको छ । सो अवसरमा अहमद र इन्जिनियर मोहम्मद बसीरुद्दिन अजादलाई प्रमुख अतिथि डा.पाण्डेको हातबाट सम्मान गरिएको थियो । विश्वविद्यालयकातर्फबाट अहमद र मोहम्मदलाई दोसल्ला र सम्मान चिन्ह प्रदान गरिएको हो ।

# कोशी प्रदेश : चार महिनामा लैंगिक हिंसाका २ सय ८६ मुद्दा दर्ता

**झापा/मस**– कोशी प्रदेशमा चालु आर्थिक वर्ष २०८२/०८३ को प्रथम चौमासिक अवधिमा लैंगिक हिंसाका २८६ वटा मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ ।

प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रहरी निरीक्षक कृष्णकुमार पोखरेलले साउनदेखि कात्तिकसम्ममा मुद्दा दर्ता भएकामध्ये २१४ फर्स्यौट भइसकेको जानकारी दिए ।

उनका अनसार उक्त अवधिमा जबरजस्तीकरणीका १७८, बहुविवाहमा ३६ करणी उद्योगमा २७, बालयौन दुराचारका ३६, अवैध गर्भपतनका दुई, बोक्सी आरोपका एक, जातीय छुवाछूतका एक, मानव बेचविखन तथा ओसारपसारमा दुई र अप्राकृतिक मैथुनमा एउटा मुद्दा प्रदेश प्रहरी कार्यालयमा दर्ता भएका छन् ।

आव २०८१/०८२ मा कोशी प्रदेश प्रहरी कार्यालयमा ८३१ वटा मुद्दा दर्ता भएका थिए । सो अवधिमा ६९६ वटा मुद्दा फर्स्यौट भएका थिए ।आव २०८०/८१ मा ८८४ वटा मुद्दा दर्ता भएकोमा ७८४ वटा फर्स्यौट भएका थिए ।

## पुसमा...

गर्ने प्रयास जारी रहेको उच्च स्रोतको दाबी छ । विवादमुक्त सहमति गर्न शुक्रबार बोलाइएको केन्द्रीय समितिको बैठक सर्ने सम्भावना बढेको छलफलमा सहभागी एक नेताले बताए । संस्थापन पक्ष निर्वाचन अगाडि महाधिवेशन गर्ने कार्यतालिका ल्याउन सकारात्मक बनेपछि मध्यमार्गी प्रस्तावको तयारीका लागि सभापति कार्यवाहक सभापति र महामन्त्रीद्वयको छलफल जुटेका थिए । महाधिवेशन गर्ने कि गर्न खोज्ने भन्ने विषयमा विशेष महाधिवेशन पक्षधर सशंकित छन् । संस्थापनका नेताहरू नियमित महाधिवेशनको कार्यतालिका ल्याएर विशेषलाई निष्क्रिय गराएपछि महाधिवेशनसमेत सार्न सकिने योजनामा छन् ।

संस्थापन पक्षका सात भाइ भनेर चिनिएका नेताहरू कृष्ण सिटौला, प्रकाशमान सिंह, विमलेन्द्र निधी, गोपालमान श्रेष्ठ शशांक कोइराला, विजय गच्छदार र प्रकाशशरण महतसहितको टोलीले आमनिर्वाचनपछि मात्रै पार्टीको महाधिवेशन गर्ने अड्डी कसेका छन् । यता महामन्त्री गगन थापा-विश्वप्रकाश शर्मा, संस्थापनइतरको सिंगो टिम र संस्थापनकै ३० जनाभन्दा बढी केन्द्रीय नेता चुनावअघि महाधिवेशन हुनुपर्ने पक्षमा छन् । महामन्त्रीसहितको एउटा समूहले विशेष महाधिवेशनमा जोड दिएका छन् । तर इतर समूहका नेता डा. शेखर कोइराला पार्टी विभाजनबाट बचाउन सबैको चित्त बुझ्नेगरी पुसभित्र नियमित महाधिवेशन गर्नुपर्ने मध्यमार्गी योजनामा छन् । सभापति पक्ष र महामन्त्री पक्षधर नेताहरूले आफ्नो एजेन्डा थप कडा बनाउँदै जाँदा पार्टी फुटको अवस्थामा जान सक्ने काठमाडौंमा भेला भएका महाधिवेशन प्रतिनिधिहरूले चिन्ता व्यक्त गरेका छन् । असोज २८ गतेदेखि चलेको केन्द्रीय समितिको बैठक उनीहरूकै कारण अनिर्णयको बन्दी बनेको कांग्रेसको गाँठो फुकाउने अन्ततः सभापति शेरबहादुर देउवाले नै छलफल बोलाएर सबै मिलेर जान अनुरोध गरेका थिए । छलफलमा सहभागी कांग्रेस नेता रमेश लेखकले भने, ‘सभापतिले पार्टीमा विभाजन नहुने गरेर सबैको सल्लाहअनुसार काम गर्नुस् भन्नुभएको छ । उहाँको यसै गर्नुस् भन्ने कुनै निर्देशन छैन । चुनावअघि नियमित महाधिवेशनको कार्यतालिका ल्याउने कि विशेषमा जाने भन्ने शीर्ष संवाद जारी छ ।’

जेनजी आन्दोलनबाट सत्ता कब्जा भएको एक महिनापछि पहिलोपटक सार्वजनिक भएका देउवा असोज २८ यता निष्क्रिय थिए । आन्दोलनका क्रममा आक्रमणमा परेका उनले सोही दिन पार्टी केन्द्रीय कार्यालय सानेपा बैठकलाई सम्बोधन गर्दै सक्रिय राजनीतिबाट बिदा भएको सन्देशसहित उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहकको जिम्मेवारी दिँदै बिदाइ भएका थिए । कात्तिक १० गते थप उपचारका लागि सिंगापुर गएका उनी १८ दिनको बसाइपछि कात्तिक २८ मा स्वदेश फर्किएका थिए ।

यसबीचमा कांग्रेस केन्द्रीय समितिको बैठकमा नेताहरूले आफ्ना धारण राख्ने काम सके पनि निर्णयमा पुग्न नसकेर अल्झिएको गाँठो फुकाउने नाममा सभापति देउवाले पार्टीमा फेरि सक्रियता देखाएको नेताहरूले बताएका छन् । पार्टीको सक्रिय राजनीतिबाट बिदा भएँ भनेका देउवाले बिहीबार आफूनिकटका १० नेताहरूसँग छलफल गरेका हुन् । उनले सात भाइबाहेक कार्यवाहक सभापति पूर्णबहादुर खड्का र पूर्वगृहमन्त्री रमेश लेखकसँग संवाद गरेका हुन् ।

देउवासँगको भेटमा ती नेताहरूले प्रतिनिधि सभा निर्वाचनअघि पार्टीको महाधिवेशन गर्न नहुने कुरा राखेका प्रवक्तासमेत रहेका नेता डा. प्रकाशशरण महतले बताए । उनले भने, ‘निर्वाचनअघि पार्टीको महाधिवेशन गर्दा थप क्षति हुने कुरा सभापतिसँग राख्यौं । कुनै ठोस निर्णय वा रणनीति तय गर्नेगरी कुराकानी भएन । तर सभापतिज्यूले हामीले राखेका कुरा बुझ्नुभएकै कुरा हो ।’ तर देउवाले नेताहरूलाई समस्या समाधान गरेर जान निर्देशन दिएको उनको सचिवालयले जनाएको छ ।

। संस्थापनइतर पक्षका नेता डा. शेखर कोइरालाले विगतदेखि उठाउँदै आएको चुनावअघि नियमित महाधिवेशनको पक्षमा मत बलियो बन्दै गएको छ । नेता डिला संग्रौलाले चुनावअघि नै महाधिवेशन गरेर जानुपर्ने बताएकी छन् । उनीसहित संस्थापन पक्षका २४ जना केन्द्रीय सदस्यले चुनावअघि नियमित महाधिवेशन गर्नुपर्ने भन्दै कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई हस्ताक्षर बुझाइसकेका छन् । सबैतिरबाट चुनावअघि नै महाधिवेशनको माग बढ्दै गएपछि देउवाले त्यसलाई स्वीकार गरेर जाने अवस्था बन्दै गएको नेताहरूले बताएका छन् । तर देउवानिकटका सात भाइ नेताहरू भने चुनावपछि मात्रै महाधिवेशन गर्नुपर्ने अडानबाट पछि हटेका छैनन् । उनीहरू पुस अन्तिममा नियमित महाधिवेशनको कार्यतालिका ल्याउने, विशेष महाधिवेशनको हस्ताक्षरलाई निष्क्रिय बनाउने, वडास्तरको अधिवेशन गराउने र केन्द्रीय महाधिवेशनलाई पछि धकेल्ने खेलमा लागेका छन् । तर कागजमा देखाउनका लागि मात्रै ल्याइने कार्यतालिका अमान्य हुने विशेष महाधिवेशन पक्षधरले चेतावनी दिएका छन् ।

केन्द्रीय सदस्य मधु आचार्यले प्रतिनिधि सभाको निर्वाचनअघि कांग्रेसले कुनै हालतमा नयाँ नेतृत्वसहितको नयाँ नीति अवलम्बन गरेर जानुको विकल्प नभएको बताए । उनले मध्यान्हसँग भने, ‘कांग्रेसमा जीवनभर खाइपाई आएकाहरूले आफ्नो जीवन सकिएसँगै पार्टीको भविष्यसमेत सक्न लागेका छन् । शीर्ष नेताहरूले आमचुनावअघि नै महाधिवेशन गर्नेगरी कार्यतालिका ल्याए ठिकै छ, नत्र विधानअनुसार विशेष महाधिवेशन रोकिँदैन, हामी विशेष महाधिवेशन बोलाएर नयाँ नेतृत्व चुन्छौं ।’ पार्टी बचाएर जनतामाझ सकारात्मक उपस्थिति देखाउनका लागि नयाँ पुस्ताका नेताहरूले टेकओभर गर्नुपर्ने उनको तर्क छ ।

तर संस्थापन पक्षका नेताहरूको चाहना आगामी प्रतिनिधि सभाको निर्वाचनमा टिकट बाँडेर मात्रै महाधिवेशन गर्नुपर्ने दाबी छाडेका छैनन् । उनीहरू आमचुनावमा अन्तिमपटक समानुपातिकमा बस्नेदेखि आफूअनुकूलका व्यक्तिलाई टिकट दिलाउने अन्तिम प्रयासमा छन् ।

आगामी महाधिवेशनका सन्दर्भमा निर्णय लिन बिहीबारका लागि सारिएको केन्द्रीय समितिको बैठकसमेत शुक्रबारलाई सारेर नेताहरू समस्या समाधान निकाल्न निरन्तर छलफलमा छन् । सहमति जुटाउन कार्यवाहक सभापति र महामन्त्रीबीच छलफल जारी छ । इतर समूहका नेताहरूले नियमित महाधिवेशनको समय घर्किएकाले आमनिर्वाचनअगावै विशेष महाधिवेशन गरेर नीति, नेतृत्व र एजेन्डासमेत नयाँ लिएर जनतामाझ जानुपर्ने अडान कायम राखेका छन् ।

कांग्रेसका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनको माग गर्दै केन्द्रीय समितिमा हस्ताक्षरसहितको निवेदन पेस गरेका छन् । विधानतः निवेदन दिएको तीन महिनाभित्र विशेष महाधिवेशन गर्नुपर्ने अनिवार्य व्यवस्था छ । सो समय पुस २८ सम्मको छ । राजनीतिक सरकार अपदस्थ भएसँगै आएको सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले फागुन २१ का लागि चुनाव घोषणा गरेर आवश्य तयारी गरिसकेकाले आन्तरिक महाधिवेशनमा अल्झिँदा पार्टीलाई क्षति पुग्ने पूर्वउपसभापति विमलेन्द्र निधीले बताए । ‘कांग्रेसले चुनावमा भाग लिने भनेर निर्णय नै गरिसकेकाले फागुन २१ को चुनावको तयारीमा जुट्नुपर्ने हुँदा महाधिवेशनका लागि समय पुग्दैन, पार्टीलाई क्षति पुग्छ । त्यस कारणले चुनावपछि मात्रै महाधिवेशन गरौं भनेका हौं ।’

महामन्त्री गगन थापाले कात्तिक १९ गतेको बैठकमा पुस १६-१९ मा नियमित महाधिवेशन गर्नेगरी कार्यतालिका पेस गरेका छन् । तर उनको प्रस्तावको काउन्टर दिँदै संस्थापन पक्षका नेताहरूको बलमा सहमहामन्त्री महेन्द्र यादवले २०८३ को वैशाख २७-३० सम्म गर्नेगरी प्रस्ताव पेस गरेका थिए । महामन्त्रीले ल्याएको प्रस्तावमा हस्तक्षेप गर्दै सहमहामन्त्रीबाट महाधिवेशनको तालिका ल्याउने वैधानिक व्यवस्था छैन । उनीहरूले ‘कोमा’मा पुगेको कांग्रेसलाई घाटतिर लैजान खोजिरहेको चुनावअघि महाधिवेशन गर्नुपर्ने पक्षधर नेताहरूले टिप्पणी गरेका छन् ।

नेताहरूबीच विशेष महाधिवेशन टार्ने र नियमितकै कार्यतालिका ल्याउने प्रयास भइरहँदा विशेष पक्षधरका नेता मधु आचार्यले ‘नहुने महाधिवेशन’को कार्यतालिका नमान्ने बताए । ‘जनचाहनाअनुसार पार्टीमा आमूल रूपान्तरण र नवीकरण आवश्यक ठानेर ५५ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले पार्टी विधानअनुसार वैधानिक रूपमा अघि बढेका हौं । नियमित महाधिवेशन हुनेगरी तालिका आए हामी पछि हट्छौं । नत्र व्यापक हुने मौका छैन ।’

## आचारसंहितामा...

उम्मेदवार निर्वाचित नभएमा भने सम्पत्ति विवरण फिर्ता माग गर्न सक्छन् । फिर्ता माग गरेका आयोगले फिर्ता दिन्छ । फिर्ता माग नगरेमा सम्पत्ति विवरण अभिलेख राखेर आयोगले धुल्याउनेछ ।

सुशासनविद् काशीराज दाहालका अनुसार भ्रष्टाचार र भ्रष्टाचारजन्य कार्य हुन सक्ने क्षेत्रअन्तर्गतका सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्ति विवरण सुशासनको ऐना भएको बताउँछन् । यसकारण जनप्रतिनिधिका सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्नेहुन्छ ।

उनी भन्छन्, ‘पदमा जाँदा के कति सम्पत्ति थियो र पदबाट हट्दा के कति थपघट भयो भनेर जनताले हेर्न पाउनुपर्छ । यसलाई लोकतन्त्रमा सुशासनको ऐनाका रूपमा लिइन्छ ।’

कुनै पनि बहानामा सार्वजनिक पदमा बसेका व्यक्तिहरूको सम्पत्ति विवरण गोप्य रहनुहुँदैन भन्ने लोकतान्त्रिक शासन व्यवस्थाको मान्यता पनि हो । आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्दा जनप्रतिनिधिले जनताको विश्वास जित्छन् । किनभने बिनास्वार्थ जनताकै लागि काम गरिरहेको छ वा छैन भन्ने सम्पत्ति विवरणले समेत देखाउँछ ।

आफ्नो करबाट आफूमाथि शासन गर्न चुनेका जनप्रतिनिधि र ती जनप्रतिनिधिले राज्यका विभिन्न निकायमा दिन सक्ने वा लिन सक्ने जिम्मेवारीमा रहेका व्यक्तिबारे जानकारी प्राप्त गर्नु नागरिक अधिकार पनि हो । यसका लागि राज्यका संयन्त्रले सार्वजनिक पदधारण गरेका व्यक्तिको सम्पत्ति समयसमयमा जाँचसमेत गर्नुपर्नेहुन्छ ।

किनभने विगतमा जनप्रतिनिधिबाट स्वार्थ बाझिने गरीसमेत कानुन बनेको आरोप लाग्ने गरेको छ । यही कारण सार्वजनिक पदमा बसेका व्यक्तिहरूको समयसमयमा अनुगमन गर्नुपर्छ । भ्रष्टाचारजन्य क्रियाकलाप गरेको छ कि भनेर हेर्नुपर्छ ।

## राजनीतिमा ...

अनुहार, कानलगायत शरीरका भागमा अहिले पनि दाग देखिन्छ ।

एसिड आक्रमणपछिको जलेका घाउ, शारीरिक परिवर्तन र मानसिक पीडाका बाबजुद पनि मुस्कानले आफ्नो पीडा नलुकाई समाजको अगाडि ल्याइन् । आत्मविश्वास जोगाइरहिन् । एसिड आक्रमणपछि आफ्नो पीडालाई व्यक्तिगत घटनामा सीमित नराखेर महिला हिंसाविरुद्धको बुलन्द आवाज र आन्दोलनमा परिणत गरिन् । एसिड आक्रमणविरुद्ध जनचेतना जगाउन, पीडितहरूलाई न्याय र सुरक्षा सुनिश्चित गर्न नेतृत्व गरिन् । सामाजिक क्षेत्रमा सक्रिय मुस्कानलाई अमेरिकाले अन्तर्राष्ट्रिय साहसी महिला (आइडब्ल्युओसी) सम्मान पनि प्रदान गरेको थियो ।

राजनीतिक सभामा पनि उनले आफ्नो सामाजिक अभियान सुनाउन भुलिनन् । ‘तेजाब आक्रमण मात्रै होइन, यस्ता धेरैवटा हिंसा छन्, जुन दिदीबहिनीले खेप्नुपरेको अवस्था छ । सम्पूर्ण प्रकारका हिंसालाई अन्त्य गर्न जरुरी छ,’ मुस्कानले भनिन्, ‘अगाडि बढेका पाइला पछि नपार्नुहोला ।’

आफू नेकपामा प्रवेश गरेको घोषणा गर्दै उनले सबै जेनजीलाई एकता गर्न अपिल पनि गरिन् । ‘सम्पूर्ण जेनजीलाई अनुरोध गर्छु कि हामी एक हुन जरुरी छ । हामीबीच एकता भयो भने हाम्रो देश प्रगति हुनेछ । भ्रष्टाचारको अन्त्य हुनेछ,’ मुस्कानले भनिन्, ‘हामी एकजुट भएर काम गऱ्यौं भने अवश्य पनि हिंसाको पनि अन्त्य हुनेछ ।’

तेजाब आक्रमणविरुद्धको अभियन्ताको परिचय बनाएकी मुस्कानलाई नेकपाले केन्द्रीय सदस्य बनाएको छ । उनलाई स्वागत गर्दै पूर्वप्रधानमन्त्री एवं नेकपा सहसंयोजक माधवकुमार नेपालले मुस्कान एउटा ब्रान्ड भएको बताए । एक कदम अघि बढेर पार्टी संयोजक पुष्पकमल दाहाल प्रचण्डले मुस्कानलाई बिहीबारको कार्यक्रमको ‘हिरोइन’ भने । ‘आजको हिरोइन मुस्कान हुन् । बिहानसम्म तानातान थियो । अब उनी नेपाली कम्युनिस्ट पार्टीकी हुन्,’ प्रचण्डले भने ।

## स्वास्थ्य परीक्षण...

लागू हुन नसक्ने बताए । उनले नयाँ शुल्क कुनै हालतमा स्वीकार गर्ने अवस्थामा संघ र व्यवसायी नरहेकाले पुरानै शुल्कमा स्वास्थ्य परीक्षण गरिनुपर्ने बताए ।

नेपालमा कामदारको स्वास्थ्य परीक्षण गर्ने संस्थाले आफूले गरेको स्वास्थ्य परीक्षणको जिम्मेवारी एक महिनाका लागि मात्रै लिने, तर कारणवश एक महिनाभित्र कामदार श्रम गन्तव्यमा उड्न नसकेको अवस्थामा पुनः स्वास्थ्य परीक्षण गर्नुपर्ने अवस्थामा कामदार मारमा पर्ने जस्ता धेरै समस्याहरू रहेको पनि अध्यक्ष गुरुङले बताए ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले अन्तरिम सरकारले प्रतिनिधि सभाको चुनावको तयारीमा ध्यान केन्द्रित गरेको र श्रम मन्त्रालय छुट्टै विभागीय मातहत नभई प्रधानमन्त्री मातहत रहेको अवस्थाको फाइदा उठाएर स्वास्थ्य परीक्षण शुल्क बढाउने काम भएको बताएको छ । संघका प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठले स्वास्थ्य परीक्षणको शुल्क वृद्धिको विषयमा बिहीबार आफूले गृहमन्त्री ओमप्रकाश अर्याललाई भेटेर जानकारी गराएको र आइतबार बिहान संघको प्रतिनिधिमण्डलले सामूहिक रूपमा भेटेर छलफल गर्ने तयारी रहेको बताएका छन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न १ सय ७१ वटा स्वास्थ्य संस्थालाई सूचीकरण गरेको करिब एक सातापछि स्वास्थ्य व्यवसायीहरूले साबिकको स्वास्थ्य परीक्षण शुल्क ९ हजार ५ सय रुपैयाँ कायम गरेका थिए ।

उनीहरूले मन्त्रालयले जारी गरेको स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७२ को छैटौं संशोधन २०८१ मा हेपाटाइटिस बी र सी, मलेरिया, सुगर, टाइफाइड, रक्त परीक्षण गर्दा सीबीसी, इएसआर, प्लेटलेट, क्षयरोग परीक्षण गर्दा छातीको भिडियो एक्स-रे, मांसपेशी र हड्डीका समस्या, क्यान्सर, मधुमेह, मुटुरोग, म्यान्टोक्स परीक्षण, स्पुटम एएफबी, मिर्गौला परीक्षण गर्दा सिरम युरिया, क्रियाटिनिन श्वासप्रश्वास, छालाका रोगसमेत ३४ प्रकारका रोगको परीक्षण गर्नुपर्ने प्रावधान कायम गरिएकाले शुल्क बढाउनु रहर नभई बाध्यता भएको बताएका छन् । तर वैदेशिक रोजगार व्यवसायीहरूले सम्पूर्ण शरीर जाँच ‘होलबडी चेक’ गर्दासमेत हाल ८ हजार ५ सय रुपैयाँले पुग्ने दाबी गरेका छन् ।

नेपाल मेडिकल व्यवसायी संघका महासचिव कृष्णप्रसाद बजगाईंले यसअघि १९ वटा परीक्षणको ६ हजार ५ सय रुपैयाँ शुल्क रहेकोमा नयाँ कार्यविधिअनुसार ३४ वटा परीक्षण गर्नुपर्ने अवस्थामा शुल्क बढेको नभई घटेको दाबी गर्दै गुणस्तरीय स्वास्थ्य परीक्षणमा सबै पक्षको जोड हुनुपर्ने बताए ।

# सबै सरकारी सञ्चारमाध्यम सामाजिक सुरक्षा कोषमा आबद्ध



**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गतका सबै सञ्चारमाध्यम सामाजिक सुरक्षा कोषमा आबद्ध भएका छन् । आठौं सामाजिक सुरक्षा दिवसको अवसर पारेर पहिलो चरणमा सरकारी सञ्चार माध्यमहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिएको हो ।

औपचारिक संघ, संगठनहरु सामाजिक सुरक्षा कोषमा आबद्ध हुनुपर्ने कानुनी व्यवस्था अनुरुप सरकारी सञ्चारमाध्यमहरुलाई औपचारिक रुपमा सामाजिक सुरक्षा कोषमा आबद्ध गरिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बिहीबार आयोजित कोषको आठौं स्थापना दिवसको अवसरमा सरकारी सञ्चारमाध्यम सामाजिक सुरक्षा कोषमा आबद्ध हुने समझदारीपत्र (एमओयू) मा हस्ताक्षर गरिएको हो । प्रधानमन्त्री सुशीला कार्की र सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलको उपस्थितिमा सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कविराज अधिकारी र सम्बन्धित निकायका पदाधिकारीले हस्ताक्षर गरेका छन् । यसरी सम्झौतापत्रमा हस्ताक्षरसहित आदनप्रदान गर्नेमा राष्ट्रिय समाचार समिति (रासस), गोरखापत्र संस्थान, सार्वजनिक प्रसारण सेवा नेपाल (पीएसबी), प्रेस काउन्सिल नेपाल, न्यूनतम पारिश्रमि निर्धारण समिति र न्यूनतम पारिश्रमिक निर्धारण समिति सामाजिक सुरक्षा कोषमा आबद्ध भएका हुन् ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सामाजिक सुरक्षा कोषमा आबद्ध हुने कानुन भएता पनि हालसम्म विविध कारणले सामाजिक सुरक्षा कोषमा आबद्ध नभएका सरकारी सञ्चारमाध्यमलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिएको बताए ।

बिहीबार सञ्चार मन्त्रालयमा पत्रकारहरुसँग कुराकानी गर्दै मन्त्री खरेलले सरकारी सञ्चार माध्यमको सामाजि सुरक्षामा आबद्धतासँगै सञ्चार संस्थानहरुको पनि आबद्धताको सुरुवात भएको उल्लेख गरे ।

उनले सम्पूर्ण मन्त्रालय मातहतका निकायहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्धता गर्दै लैजाने पनि बताए ।

सञ्चारमन्त्री खरेलले भने, 'मन्त्रालय अन्तर्गतका सबै सरकारी सञ्चारमाध्यमहरु सामाजिक सुरक्षा कोषमा आबद्ध भएका छन् । यि निकायबीच बिहीबार समझदारी पत्रमा हस्ताक्षणर भएको छ, योसँगै सरकारी सञ्चारमाध्यममा आबद्ध पत्रकार तथा कर्मचारीहरु अब सामाजिक सुरक्षाको दायरामा आउने कार्यको प्रारम्भम भएको छ । यो सुरुवात हो, यसपछाडि थप कामहरु अगाडि बढ्दै जानेछ । मन्त्रालय अन्तर्गतका अन्य निकायहरुमा मा पनि यो लागू गर्दै जानेछौं ।'

सञ्चारमन्त्री खरेलले नेपालमा दर्ता भइ सञ्चालनमा रहेका सम्पूर्ण निजी तथा सामुदायिक सञ्चार माध्यमहरुलाई पनि क्रमशः सामाजिक सुरक्षा कोषमा आबद्ध गर्दै लगिने स्पष्ट पारे ।

उनले सम्बद्ध सबैलाई सामाजिक सुरक्षाको दायरामा आबद्ध हुन आव्हान समेत गरे । 'सम्झौतामा हस्ताक्षर गर्ने सम्बन्धित निकायले कार्ययोजना बनाएका छन् । तद् निकायहरुले ककस्लाई कसरी समेट्न सकिन्छ भन्ने हिसावले नदोहोरिकन, कानुनी प्रावधान बमोजिम निर्णय गर्नेछन्' उनले भने ।

सरकारी सञ्चार माध्यमले भने सामाजिक सुरक्षा कोषमा आबद्ध हुने समझदारीपत्रमा हस्ताक्षर गरि आवश्यक कार्यायोजनाबनाई कार्यान्वयन गर्ने प्रतिबद्धता गरेका छन् ।

कोषका अनुसार बुधबारसम्म साढे २६ लाख नागरिक योगदानमा आधारित सामाजिक सुरक्षाको छाताभित्र समेटिएका छन् । कोषले श्रमिकका लागि औषधि उपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना अशक्तता, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गरिरहेको छ । उल्लेखित योजनाबाट श्रमिक र तिनका परिवारले विभिन्न सुविधा र सहुलियत प्राप्त गर्दै आइरहेको कोषले जनाएको छ ।

कोषमा हालसम्म ९५ अर्ब ६८ करोड रुपैयाँ योगदानमा आधारित रकम संकलन भइसकेको छ । कोषबाट दुई लाख ५३ हजार १ सय ४३ श्रमिकले विभिन्न सुविधाबापत १७ अर्ब ७२ करोड रुपैयाँ दाबी भुक्तानी लिएका छन् ।

कोषले योगदानकर्तालाई स्वास्थ्य सुविधाको अतिरिक्त बचतको व्याज, निश्चित अवधिपछि मासिक पेन्सन, घर सापटी, शैक्षिक सापटीलगायत सहुलियत प्रदान गर्दै आइरहेको छ ।

# नगरप्रमुख गोइतसहित १० जनाविरुद्ध आरोपपत्र दायर

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कमला नगरपालिका, धनुषाका तत्कालीन नगरप्रमुख राम उदगार गोइतसहित १० जनाविरुद्ध बिहीबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको छ ।

आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार लग्मा बजार नजिकको पोखरीको डिलमा माटो पुर्ने तथा घाट निर्माणमा ठेक्का प्रक्रियामा मिलेमतो गरी सार्वजनिक सम्पत्ति हिनामिना गरेको अभियोगमा उनीहरूमाथि आरोपत्र दायर गरिएको हो ।

आर्थिक वर्ष २०७६/०७७ का लागि स्वीकृत करसहित ७५ लाख लागत अनुमान भएको योजनामा बोलपत्र प्रक्रियामा सबैभन्दा कम कबोल (४२ लाख ७४ हजार ५५१ दशमलव ७१) गर्ने 'सेट स्क्वायर कन्सट्रक्सन प्रालि' सँग सम्झौता नगरी दोस्रो घटी कबोल (७२ लाख २१ हजार ७३० दशमलव ७) गर्ने 'इन्फ्रास्ट्रक्चर एस एण्ड बी बिल्डर्स प्रालि' लाई गैरकानुनी रूपमा ठेक्का दिएको आयोगको ठहर छ ।

आयोगको अनुसन्धानमा नगरपालिकाका पदाधिकारीहरूले सेट स्क्वायर कन्सट्रक्सनले पेस गरेका कागजात तथा बैंक जमानत बदनियतपूर्वक लुकाइ नष्ट गराई सम्झौता नदिन निर्णय गराएको र उल्टै उक्त फर्मको विड बोण्ड जफत गरी दोस्रो प्रस्ताव दातासँग सम्झौता प्रक्रियामा अघि बढाएको पाइएको छ ।

२०७७ जेठ २१ गते इन्फ्रास्ट्रक्चर एस एण्ड बी बिल्डर्स प्रालिसँग ७२ लाख १८ हजार ६ सय ८० रुपैयाँको दरले सम्झौता गरी भुक्तानीसमेत दिइएको र यसरी गरिएको ठेक्का हेरफेरबाट २९ लाख ४४ हजार १३७ दशमलव २९ बराबरको सरकारी धन हिनामिना भएको आयोगले निष्कर्ष निकालेको छ ।

आरोपपत्रमा गोइतसहित कार्यपालिका सदस्य धनेश्वर यादव, धर्मनाथ मण्डल, पल्टु कवारी, विनोद राम, समसुल मिया मोमिन, निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रकुमार सढान, लेखापाल सञ्जिवकुमार महतो, जिन्सी शाखा प्रमुख जुगलकिशोर यादव तथा ठेक्का पाउने कम्पनीका अध्यक्ष सन्तोषकुमार यादवसमेतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार सजायको मागसहित प्रतिवादी बनाइएको आयोगका प्रवक्ता पौडेलले जनाकारी दिए ।

# 'लैंगिक हिंसा न्यूनीकरण गर्न सबै पक्षको सक्रिय भूमिका आवश्यक'

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ११ मंसिर

रौतहटको राजपुर नगरपालिकामा १६ दिने लैंगिक हिंसाविरुद्धको अभियान अन्तर्गत विभिन्न सचेतनामूलक कार्यक्रमका साथ मनाइएको छ ।

नगर प्रमुख डा. मो. राजिकको अध्यक्षतामा बिहीबार आयोजित समापन कार्यक्रममा किशोरी पदयात्रासहित सचेतनामूलक कार्यक्रमहरू सञ्चालन भएका थिए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसाल, प्रहरी उपरीक्षक रबिन कार्की, शसस्त्र प्रहरी उपरीक्षक रामहरि अधिकारी लगायत जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरूको उपस्थिती रहेको थियो । साथै, राजपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बैजु ठाकुर, सम्पूर्ण वडाअध्यक्ष, कार्यपालिका सदस्य, कर्मचारी र सुरक्षाकर्मीहरूको पनि उल्लेख्य सहभागिता रहेको थियो ।

नगर प्रमुख डा.राजिकले लैंगिक हिंसा कुनै पनि समाजका लागि कलंक भएको बताउँदै यसलाई न्यूनीकरण गर्न सबै पक्षको सक्रिय भूमिका आवश्यक रहेकोमा जोड दिए । उनले नगरपालिकाले लैंगिक समानता र महिला सशक्तिकरणका लागि विभिन्न नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको जानकारी दिए ।

प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले भने, 'लैंगिक हिंसाविरुद्धको अभियानलाई १६ दिनमा मात्र सीमित नगरी वर्षभरि नै सञ्चालन गर्न आवश्यक छ । पीडितलाई न्याय दिलाउन र समाजमा सचेतना फैलाउन प्रशासन र सुरक्षा निकाय सदैव तत्पर छन् ।'

प्रहरी उपरीक्षक रबिन कार्कीले समाजमा हुने लैंगिक हिंसाका घटनालाई निर्मूल पार्न सुरक्षा निकाय थप सशक्त भएर लाग्ने बताए। उनले कुनै पनि घटना भएमा तत्काल प्रहरीमा जानकारी गराउन नागरिकहरूलाई आग्रह गरे ।

# सुर्खेतमा चारदिने रक्षा संवाददाता अभिमुखीकरण कार्यक्रम सम्पन्न

**पूर्ण सार्की/मध्यान्ह**
सुर्खेत, ११ मंसिर




कर्णाली प्रदेशको राजधानी सुर्खेतमा सञ्चालित चारदिने रक्षा संवाददाता अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयको आयोजनामा सुर्खेतको वीरेन्द्रनगरस्थित उत्तर पश्चिम पृतना हेडक्वार्टरमा सोमबारदेखि सुरु भएको चारदिने रक्षा संवाददाता अभिमुखीकरण कार्यक्रम बिहीबार सम्पन्न भएको उत्तर पश्चिम पृतना हेडक्वार्टरले जानकारी दिएको छ ।

पत्रकारहरूलाई नेपाली सेनाको संगठनात्मक संरचना, जिम्मेवारी, भूमिका र विविध गतिविधिहरूका बारेमा सुसूचित गर्ने उद्देश्यले आयोजना गरिएको अभिमुखीकरण कार्यक्रममा कर्णाली प्रदेशका आठ (डोल्पा, जुम्ला, हुम्ला, दैलेख, मुगु, जाजरकोट, कालिकोट, सुर्खेत) र लुम्बिनीका दुई (बाँके र बर्दिया) जिल्लाका २४ जना सञ्चारकर्मीको उपस्थिति रहेको थियो ।

अभिमुखीकरण कार्यक्रमको समापन समारोहका प्रमुख अतिथि तथा उत्तर पश्चिम पृतनाका पृतनापति उपरथी दिपेशजंग शाहले कार्यक्रममा उपस्थित २४ जना सञ्चारकर्मीलाई बधाई दिँदै प्रमाणपत्र वितरण गरेका थिए ।

नेपाली सेनाद्वारा आयोजना गरिएको अभिमुखीकरण कार्यक्रमबाट कर्णालीसँगै लुम्बिनीका विभिन्न जिल्लामा कार्यरत सञ्चारकर्मीहरूलाई रक्षा क्षेत्रसम्बन्धी समाचार संकलन र सम्प्रेषणमा थप सहजता, स्पष्टता र विश्वसनीयता स्थापित हुन मद्दत पुग्ने पृतनापति शाहले जानकारी दिए ।

सो अवसरमा पृतनाको जिम्मेवारी क्षेत्रअन्तर्गत विगत लामो समयदेखि नेपाली सैनिक रेडियो कार्यक्रम प्रसारण गर्दै आएका कर्णाली र लुम्बिनीका गरी ९ वटा एफएम रेडियो स्टेसनलाई जनसम्पर्क तथा सूचना निर्देशनालयका तर्फबाट नगद प्रोत्साहन तथा कदर पत्र समेत प्रदान गरिएको थियो ।

चारदिने अभिमुखीकरण कार्यक्रमका दौरान सहभागी सञ्चारकर्मीहरूले नेपाली सेनासम्बन्धी विविध गतिविधि, भूमिका र संरचनाबारे विस्तृत जानकारीसहित विपद् प्रतिकार्य, समसामयिक विषयवस्तुबारे जानकारी, नेपाली सेनाले गरेका विकास निर्माणका काम, एकआपसमा अन्तरक्रिया तथा स्थलगत अध्ययन-भ्रमणमार्फत व्यावहारिक अनुभव हासिल गरेको पत्रकार महासंघ कर्णाली प्रदेशका अध्यक्ष विष्णु प्रसाद शर्माले बताए ।

नेपाली सेनाले केन्द्रीय स्तरदेखि सबै पृतनास्तरसम्म प्रत्येक वर्ष सञ्चारकर्मीलाई रक्षा क्षेत्रसम्बन्धी समाचार संकलन र सम्प्रेषणमा थप सहजता, स्पष्टता र तथ्यपरकता प्रदान गर्ने विश्वास सहित अभिमुखीकरण कार्यक्रममको आयोजना गर्दै आइरहेको छ । उपसेनानी श्रीजना नेपालले सञ्चालन गरेको कार्यक्रममा सेनाले राष्ट्रको सुरक्षादेखि विकास र संरक्षणका क्षेत्रमा गरिरहेका योगदानलाई समेत विशेष रूपमा उजागर गरेको थियो ।


## युरोप देश साइप्रसमा वैदेशिक रोजगारको सुनौलो अवसर

**क.१ कम्पनी: D.I. MAIN-LINE JOB AGENCY** — शहर: LIMASSOL
पूर्व स्वीकृत मितिः २०८२/०८/११ — चलानी नं.: ६०२४७८७० — LT. No.: 334479

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesgirl | 0 | 20 | स. काममा दक्ष | 700 | ११५,८९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**क.२ कम्पनी: D.I. MAIN-LINE JOB AGENCY** — शहर: LIMASSOL
पूर्व स्वीकृत मितिः २०८२/०५/२२ — चलानी नं.: ६०२४४६०२ — LT. No.: 330840 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 0 | 25 | स. काममा दक्ष | 650 | १०७,६१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता LANGTANG SKILLS ACADEMY बसुन्धारा, काठमाडौंमा २०८२ मंसिर १९ गते (5 December 2025) मा हुनेछ ।
अन्तर्वार्ता शाखा मेनपावर कार्यालय पोखरामा २०८२ मंसिर १९ गते (5 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LANGTANG OVERSEAS PVT.LTD.**
Govt. Lic. No.:1643/080/081
Basundhara-3, Kathmandu, Nepal, 01-4971229 | 01-5903078 |9802392459 | 9802392456 |
Pokhara Branch : 061-570074 | 061-570075 9856035786 | 9810124144 | 9705699786
Email - officelangtang@gmail.com, Web:- www.langtangoverseas.com



## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.सं. १९८५

स्वर्गारोहणः
वि.सं. २०८२ कात्तिक ३० गते

**स्व. मधुमाया भट्टराई**

वैदेशिक रोजगार विभागका महानिर्देशक **कमल प्रसाद भट्टराईज्यूकी** ममतामयी माता **मधुमाया भट्टराईको** स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दै **भावपूर्ण समवेदना** व्यक्त गर्दछौं ।

**भुवन सिंह गुरुङ** — अध्यक्ष
तथा
**महेश कुमार बस्नेत** — महासचिव

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ परिवार**
सिफल-७, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८



## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.सं. १९८५

स्वर्गारोहणः
वि.सं. २०८२ कात्तिक ३० गते

**स्व. मधुमाया भट्टराई**

वैदेशिक रोजगार विभागका महानिर्देशक आदरणीय **कमल प्रसाद भट्टराईज्यूकी** ममतामयी माता **मधुमाया भट्टराईको** स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दै भावपूर्ण समवेदना व्यक्त गर्दछौं ।

**मेघनाथ भुर्तेल**
(निवर्तमान महासचिव)
**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तथा
**निलकमल ग्रुप अफ कम्पनी प्रा. लि. परिवार**
सिनामंगल-०९, काठमाडौं ।



## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.सं. १९८५

स्वर्गारोहणः
वि.सं. २०८२ कात्तिक ३० गते

**स्व. मधुमाया भट्टराई**

हाम्रा शुभेच्छुक, वैदेशिक रोजगार विभागका महानिर्देशक आदरणीय **कमल प्रसाद भट्टराईज्यूकी** ममतामयी माता **मधुमाया भट्टराईको** स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दै भावपूर्ण समवेदना व्यक्त गर्दछौं ।

**सीतादेवी श्रेष्ठ** — प्रकाशक
तथा
**मदनकुमार श्रेष्ठ** — प्रधान सम्पादक

**मध्यान्ह**
Madhyanha National Daily राष्ट्रिय दैनिक
**परिवार**

मध्यान्ह
www.madhyanhadaily.com
१२ मंसिर २०८२ शुक्रबार
28 November 2025 Friday

सम्पादकीय

## संकटबाट निस्कने कांग्रेसको बाटो

सात दशकको राजनीतिक विरासत बोकेको नेपाली कांग्रेस आज आफैं अनिर्णयको बन्दी बनेको छ। एक महिना लामो बैठक बसेर पनि कुनै ठोस निर्णयमा पुग्न नसक्नुले उसको निर्णय क्षमतामाथि मात्र प्रश्न उठाएको छैन, पार्टी गम्भीर संकटमा पुगेको सन्देशसमेत दिइरहेको छ। विधानले प्रस्ट बोले पनि कांग्रेसले १५औं महाधिवेशनको मिति टुंग्याउनसम्म सकेको छैन्। संस्थापन समूह आमचुनावपछि महाधिवेशन गर्ने भन्दै नियमित महाधिवेशन नै टार्ने रणनीतिमा छ भने संस्थापनइतर समूह सके नियमित नभए विशेष महाधिवेशन नै गरेर भए पनि नयाँ नेतृत्वसहित चुनावमा जानुपर्ने अडानमा छ। दुई पक्षका आआफ्ना स्वार्थले कांग्रेसले मिलनबिन्दु भेटाउन नसक्दा कांग्रेस अनिर्णयको बन्दी बन्न पुगेको छ। दुई समूहका अडानले पार्टीलाई फुटतर्फ लैजाने त होइन भन्ने संशय पनि कार्यकर्ता पंक्तिमा उत्पन्न गरिदिएको छ। त्यसको प्रभाव कांग्रेस पार्टीमा मात्र नभई समग्र राष्ट्रिय राजनीतिसम्मै देखिन थालेको छ।

पुरानो लोकतान्त्रिक दल भए पनि कांग्रेसमा कहिल्यै समयमा पार्टी महाधिवेशन हुन सकेको छैन। भ्रातृ संगठनमा समेत नियमित अधिवेशन हुँदैन। नेपाल विद्यार्थी संघ, तरूण दलजस्ता भ्रातृसंगठन वर्षौंदेखि मनोनीत नेतृत्वबाट चल्दै आएका छन्। त्यसले कांग्रेसको लोकतान्त्रिक छविलाई नै धुमिल पारिदिएको छ। जेनजी आन्दोलनले गरेको राजनीतिक परिवर्तनले सत्ता उलटफेरसँगै शक्ति–सन्तुलनमै उथलपुथल ल्याउँदासमेत कांग्रेस महाधिवेशनको निर्णय गर्न नसक्ने स्थितिमा पुगेको देखिन्छ।

त्यसो त कांग्रेस लामै समयदेखि आफ्नो राजनीतिक मूल्यमान्यताबाट टाढिँदै गइरहेको छ। आन्तरिक लोकतन्त्र कमजोर छ, गुटबन्दीले एउटा दलभन्दा ज्यादा विभिन्न समूहहरूको मोर्चाजस्तो बनेको छ। यस्तोमा नयाँ पुस्ताले खोजेको पारदर्शिता, जवाफदेहिता र नयाँ राजनीतिक संस्कार कम्तीमा अहिलेकै अवस्थाको कांग्रेसबाट सम्भव देखिँदैन। अहिलेको संवेदनशील घडीमा कांग्रेसले आफ्नो ऐतिहासिक जिम्मेवारीलाई बेवास्ता गर्न मिल्दैन। पार्टीलाई सही दिशातर्फ ल्याउन सबैभन्दा पहिले निर्णय क्षमता देखाउनुपर्छ। नियमित वा विशेष महाधिवेशन बोलाएर नेतृत्व तथा संगठन दुवैलाई पुनर्जीवन दिनुपर्छ। प्रक्रिया पुऱ्याउन मात्र महाधिवेशन गर्ने होइन कि प्रतिस्पर्धात्मक एवं निहित स्वार्थबाट मुक्त नेतृत्व चयन गरेर देखाउनुपर्छ। जनतासँग टुटेको सम्बन्ध पुनः जोड्न सुशासन, विकास र भ्रष्टाचारविरूद्ध स्पष्ट योजना र कार्यान्वयनयोग्य नीति अघि सार्नुपर्छ। यी काम गर्न कांग्रेस जति ढिलो हुन्छ, राष्ट्रिय राजनीतिमा उसको निर्णायक क्षमतामा ह्रास आउनेछ। एउटा परिपक्व लोकतान्त्रिक दलको छवि धुमिल हुनेछ भन्ने हेक्का कम्तीमा नेतृत्वले राख्नुपर्छ। अहिलेको समय नेतृत्वको स्वार्थ–आश्रित मौनता होइन, साहसिक आत्मपरीक्षण र निर्णायक कारबाहीले मात्र कांग्रेसलाई संकटबाट बाहिर निकाल्न सक्छ।

# बिजुली गतिमा कुलमान

अग्रलेख



● निष्णु थिङ

हामीले देखेका छौं, ढुंगाको कापमा पिपल उम्रेर विशाल वृक्ष भएको। कुलमान घिसिङ पनि यस्तै अप्ठ्यारा पार गर्दै मरुभूमीकरण भइरहेको नेपालको राजनीतिमा बिजुली गतिमा उदीयमान छन्। उनले नेपाल विद्युत प्राधिकरणको सामान्य कर्मचारीदेखि माथिल्लो तह कार्यकारी निर्देशकसम्म भएर काम गरे। उनले चिलिमे जलविद्युत् आयोजना, रसुवामा देखाएको आफ्नो अद्भूत प्रतिभालाई प्रदर्शन गर्दै निकै चर्चा कमाए। चिलिमेमा आफूभन्दा अगाडि गएका आयोजना प्रमुख सबै असफल भएर फर्किंदा उनले त्यसलाई सफल मात्रै बनाएनन्, एउटा गतिलो नमुना पनि देखाए। स्थानीय बासिन्दालाई सेयर वितरण गरेर धनी बनाए र उनीहरूलाई पनि विकासको स्वाद चखाए। त्यसरी उदाएका उनले प्राधिकरणको कार्यकारी निर्देशक भएको लगत्तै १८ घण्टाको लोडसेडिङ अन्त्य गरेर देखाए। वास्तवमा उनले जादुको छडी चलाएजस्तै नै भयो। कसैले पनि यस्तो हुन्छ भन्ने कल्पनासमेत गरेका थिएनन्। अँध्यारो हरेक नेपालीको नियति नै हो भन्ने ठानिसकेका थिए। प्रधानमन्त्रीलाई पनि यो देशबाट अँध्यारोको युग समाप्त हुन सक्छ भन्ने विश्वास नै थिएन। त्यसैले, सिंहदरबारभित्रै थर्मल प्लान्टमार्फत बिजुली उत्पादनका कामसमेत भइरहेको थियो।

उनले पहिलो कार्यकालमै लोडसेडिङको अन्त्य र घाटामा गएको प्राधिकरणलाई नाफामा ल्याए। अन्यथा, ऋण गरेर कर्मचारीको तलब खुवाउनु परेको थियो। उनको बेजोड कार्यसम्पादनले गर्दा नेपाली जनताबीचमा उनी निकै लोकप्रिय भए। विभिन्न शक्ति केन्द्रहरूले नचाहे पनि उनलाई पुनः प्राधिकरणमा दोस्रो कार्यकालका लागि सरकारले ल्यायो। दोस्रो कार्यकालको अन्तिम चार महिना मात्रै बाँकी रहेको अवस्थामा दुई-तिहाइको सरकारले उनलाई कार्यसम्पादन मूल्यांकनमा शून्य अंक दिएर अयोग्य करार गर्दै बर्खास्त गऱ्यो। यहीँबाट उनको जीवनको अर्को घुम्ती प्रारम्भ भयो।

### नागरिक अभिनन्दन : एउटा भद्र विद्रोह

उनले आफ्नो काम देखाएर देशभित्र र बाहिर, नेपाली र गैरनेपाली सबैको दिलोज्यानमा राम्रो छाप राख्न सफल भएको स्थितिमा सरकारले अयोग्य करार गर्दै बर्खास्त गरेर सबै राष्ट्रसेवक कर्मचारी र देश बनाउन चाहनेहरूको शिर निहुराउने काम गरेको सरकारलाई नागरिकले गतिलो जवाफ दिए-कुलमान घिसिङलाई नागरिक अभिनन्दन गरेर। गत जेठ २८ गते उनलाई सर्लाहीका नागरिकले नागरिक अभिनन्दन गरे। सरकार, सरकारी दलहरू र सत्ताबाहिर रहेका दलहरूको असहयोगको र समारोहमा नजान परिपत्रका बाबजुद पनि उनको अभिनन्दन समारोहमा हजारौं मानिस ४२ डिग्रीको गर्मीमा पनि जम्मा भए। नागरिकले उनीप्रति माया र सम्मान दुवै व्यक्त गरे। सर्लाहीबाट उडान भरेको त्यो नागरिक अभिनन्दन तुरुन्तै कतार, दुबई, साउदी अरब, बहराइन र मलेसिया हुँदै इटहरीमा ल्यान्डिङ हुँदै अमेरिका, युके र विभिन्न देशहरूमा उडान जारी भयो। जब उनी यी सबै देशहरूको भ्रमण गरेर आए, उनको अनुहारमा बेग्लै चमक देखिन्थ्यो र उच्चस्तरको आत्मविश्वास पनि। वास्तवमा, त्यो नागरिक अभिनन्दन सरकारप्रति एउटा सशक्त भद्र विद्रोह नै थियो। त्यति मात्र नभएर-'कुलमान, तिमी अगाडि बढ, बिजुलीमा गरेको जादुलाई अब राजनीतिमा पनि देखाऊ' भन्ने बलियो ढाडस थियो। देशको राजनीति बागमतीभन्दा दूषित भएको, तिमीले त्यसलाई पनि साँघुरो र शुद्ध बनाऊ भन्ने नागरिकको उनलाई सन्देश हो।

उहिले काजी भीम मल्ल नेपाल र तिब्बतको लडाइँमा आफ्नो देशको लागि युद्धमोर्चा लडे, युद्ध जिताए र नेपालको सीमालाई उत्तरतिर विस्तार गरे। तर उनलाई सरकारले आसपासेको कुरा सुनेर मृत्युदण्ड दियो। उनी देशको भलो गरेवापत काटिनु परेको थियो। आफ्नो देशभक्त लोग्नेलाई काटिँदै गर्दा, 'अबदेखि यो देशको भलो गर्ने कसैको पनि भलो नहोस्' भनी सराप दिएको प्रसङ्ग जनबोलीमा छ। करिब चार सय वर्ष अगाडिको त्यो गल्ती दुई-तिहाइको सरकारले दोहोऱ्यायो, तर त्यसलाई नेपाली नागरिकले नागरिक अभिनन्दनमार्फत सच्याए। अब देशको लागि भलो गर्नेले काजी भीम मल्लको नियति बेहोर्नु पर्दैन, नागरिकले त्यसको हर किसिमले साथ मात्रै दिँदैन, बरु पुरस्कृत पनि गर्नेछ। यस्तै-यस्तै निहितार्थ थियो त्यो नागरिक अभिनन्दनको। अब, 'सतीले सरापेको देश'को कथनलाई पुनःपरिभाषित गर्नुपर्छ।

### राजनीतिमा कुलमान

सर्लाहीबाट उडेको नागरिक अभिनन्दनको विमान संसार घुमेर अवतरण भयो। उनी अब २०८४ को आमनिर्वाचनमा कसरी जाने, दल खोल्ने र समूह निर्माणको तयारी गर्दै थिए। यति नै बेला, भदौ २३ र २४ गते जेनजी विद्रोह भयो। त्यसले पहिलेको राजनीतिक कोर्सलाई सुनामीझैं पुरिदियो र बढारिदियो। नयाँ राजनीतिक कोर्समा मुलुक गयो। जेनजी विद्रोहले तासको महल भत्के जसरी पुराना राजनीतिक दलहरूलाई गर्ल्याम-गुर्लुम ढलायो। वास्तवमा, २४ गते बेलुकादेखि सुशिला कार्की नेतृत्वको सरकार नबनेसम्म रिक्तताको स्थिति थियो। 'देशमा अब के हुने हो ?' सबै चिन्तित र उत्सुक पनि थिए। कार्कीको शपथ हुने बित्तिकै कुलमानलाई सरकारमा आउन अनुरोध आयो। दिनरात जेनजीका विभिन्न समूहहरू उनको घरमा थुप्रिन थाले। सरकारमा जान जेनजीले अनुरोध गरे। यद्यपि, सरकारमा नजान उनलाई नजिकका व्यक्तिहरूले सल्लाह दिएका थिए। तर उनी राष्ट्रलाई संकट परेको बेलामा मोचनका लागि तयार भए, अहिले तीन वटा महत्वपूर्ण मन्त्रालयको नेतृत्व गरिरहेका छन्।

अन्तरिम सरकारको आफ्नै सीमितता छ। पहिलो, ६ महिनाको कार्यकाल। दोस्रो, प्रतिनिधिसभाको निर्वाचन गर्नुपर्ने दायित्व। तर हरेक कालो बादलभित्र



*कतिपयले 'घिसिङले बोल्न त्यति आउँदैन, वाकपटुता छैन' भन्ने टिप्पणी गरेको सुनिन्छ। हाम्रो देशलाई अहिले धेरै बोल्नेभन्दा फटाफट काम गरेर परिणाम निकाल्ने नेतृत्व चाहिएको छ। 'धेरै बोल्ने ओठभन्दा सेवा गर्ने हात महान् हुन्छ'- यो वाणी यत्तिकै जनमानसमा चलेको होइन।*

चाँदीको घेरा हुन्छ भन्ने भनाइलाई प्रमाणित गर्न उनी यतिबेला बिजुली गतिमा- 'सरकारको काम कस्तो हुन्छ ? मन्त्रीले कसरी काम गर्ने हो ? परिणाम कसरी निकाल्ने हो ?' त्यसको सजिलो र भरपर्दो जवाफ दिँदैछन्। उनी चर्चित बलिउड चलचित्र सिंघममा अजय देवगन शैली भनौं या नायक चलचित्रमा अनिल कपुर शैलीमा काम गरिरहेका छन्। उनको काम-गराइ, हिँडाइ, सुरताल र गति बिजुली नै छ। कहिले उनी इलाम पुग्छन्, कहिले रोशी-बीपी राजमार्ग, कहिले कन्काई पुल त कहिले कमला पुल। कहिले बन्चरेडाँडामा आफैँ पुग्छन्। वास्तवमा, उनको गति देखेर 'सरकार केही गर्दैछ' भन्ने भरोसा नागरिकलाई भइरहेको छ। उनको समग्र व्यक्तित्व देखेरै, बुझेरै हुनुपर्छ प्रधानमन्त्रीले भनिन्, 'कुलमान घिसिङ नभएको भए सरकार नै बन्न मुश्किल हुने थियो।' यतिबेला अन्तरिम सरकारको मन्त्रीको रूपमा उनले फागुन २१ पछिको सरकार कस्तो हुनुपर्छ भन्ने 'ट्रेलर' झल्काइरहेका छन्।

### उज्यालो नेपाल पार्टी

केही दिन अगाडि नेकपा (एमाले)का महासचिव शंकर पोखरेलले कुलमान घिसिङले नैतिकताको आधारमा राजीनामा दिनुपर्छ भनेका थिए। 'चुनावी सरकारको मन्त्रीले आफ्नो दल खोल्नुहुँदैन'- यही उनको मूल कथन थियो। नेपालका संविधान-२०७२, राजनीतिक दलसम्बन्धी कानुन र निर्वाचन ऐनले पनि सरकारमा रहेको मन्त्री वा प्रधानमन्त्रीले दल खोल्न नपाउने वा निर्वाचन लड्न नपाउने व्यवस्था गरेको छैन। संविधान र कानुनी व्यवस्थाका आधारमा उनले दल खोल्न पाउनैपर्छ। निर्वाचन लड्न पनि पाइन्छ। तर कम बोल्ने घिसिङले अहिलेसम्म न्यूनतम नैतिकता प्रदर्शन गर्न नसकेको दलहरूलाई 'उज्यालो नेपाल पार्टी' दर्ता गर्दा पनि आफू औपचारिक रूपमा नबसी अनुपकुमार उपाध्यायको नाममा दल दर्ता गराएर अधिकतम नैतिकता देखाए। यसभन्दा गतिलो जवाफ अरु के हुन सक्छ र ! नेपालमा पुराना दलहरूले व्यवस्था फेर्ने काम गरे। पुराना सबै दलहरूको मूल चरित्र हेर्दा- पहिचानको मुद्दा उठान गर्नेले सुशासनबारे मौन बस्ने र सुशासनको मुद्दा उठाउनेले पहिचानको बारेमा केही नबोल्ने। २०७९ को निर्वाचनमा सुशासनको मुद्दालाई जोडतोडले उठाउँदै राष्ट्रिय स्वतन्त्र पार्टी र पहिचानको मुद्दा उठाउँदै जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी उदाएका थिए। त्यो खाडललाई पुर्ने उद्देश्यले यतिबेला उज्यालो नेपाल पार्टीले सुशासन र पहिचान दुवैलाई रथका दुई पांग्रा बनाएको छ। सुशासनको रोल-मोडल घिसिङ आफैँ हुन् भने पहिचान शब्द दस्ताबेजमा नपरे पनि सामाजिक न्यायको मुद्दा जोडले उठाइएको छ। पहिचानलाई सामाजिक न्यायको दृष्टिकोणले हेर्नुपर्छ। यो नयाँ विश्वदृष्टिकोण पार्टीले अघि सारेको देखिन्छ।

सुशासनले हाम्रो दैनन्दिनका समस्या र अवस्थालाई परिवर्तन गर्न सघाउँछ। वेथिति, ढिलासुस्ती, भ्रष्टाचार र कुशासनबाट मुक्ति पाउन सुशासनले जोड दिन्छ। सामाजिक न्यायले पहिचान र सम्मान दुवैलाई सम्बोधन गर्दछ। हाम्रो समाजमा हजारौं वर्षदेखि आत्मसम्मान पाउन नसकेका दलित छन्। त्यसैगरी, पहिचान पाउन नसकेका थुप्रै सभ्यता छन्। ती सभ्यता हजारौं वर्षदेखि थिए र रहनेछन्। सुशासनले सुख र सुविधालाई जनाउँछ भने सामाजिक न्यायले आत्मसम्मान, आत्मसन्तुष्टि र खुसीको प्रतिनिधित्व गर्छ। मानिस वा सांस्कृतिक समूहहरू सुख र सुविधा पाएर पनि खुसी नहुन सक्छन्। त्यसैले, नेपाली समाजलाई अगाडि बढाउन यी दुवै कडीलाई जोड्नुपर्छ।

यस पार्टीको आधारभूत मार्गदर्शक सिद्धान्त तीनवटा छन्- पहिलो, समावेशी लोकतन्त्र; दोस्रो, सामुदायिक समाजवाद र तेस्रो, वहुसांस्कृतिकवाद र राष्ट्रिय एकता। नेपाली समाजको विविधतालाई सम्बोधन गर्न समावेशी लोकतन्त्रबिना सम्भव छैन। समावेशी लोकतन्त्रको अभ्यास सुरु भइसकेको छ तर त्यो पर्याप्त छैन। त्यसलाई परिपक्व र अर्थपूर्ण बनाउँदै लैजानुपर्छ।

नेपालमा दुईथरिका समाजवादको वकालत गर्ने दलहरू छन्- (१) साम्यवादी दृष्टिकोणअनुसार स्थापित समाजवाद र (२) उदारवादमा आधारित प्रजातान्त्रिक समाजवाद। यी दुवै थरिका समाजवादका मूल कमजोरी- समुदायलाई कमजोर बनाउनु। पहिलोले समुदायलाई श्रमिक र उत्पादक मात्रै देख्ने, दोस्रोले समुदायलाई उपभोक्ता। दुवै प्रकारका समाजवादको अभ्यास संसारका विभिन्न देशमा केही शताब्दीदेखि भयो। परिणामतः यी समाजवादहरूले समुदायलाई कमजोर बनाउँदै लगे। एउटाले राज्य बलियो बनायो, अर्कोले व्यक्ति शक्तिशाली- तर समुदाय निरीह। यस्तो राजनीतिक प्रणालीले तानाशाह र निरंकुश शासक मात्रै उत्पादन गऱ्यो। सामाजिक र आर्थिक असमानता बढायो। त्यसैले, समुदाय बलियो बनाउने 'सामुदायिक समाजवाद' नेपालजस्तो देशमा आवश्यक छ। उहिले समुदायले आफ्नै रीतिरिवाज, संस्कृति, संस्कार र प्रथाजनित कानूनमार्फत समुदाय सञ्चालन गरेको पद्धतिलाई पुनःस्थापित र पुनर्जागृत गर्न यसको औचित्य छ।

हाम्रो समाज बहुसांस्कृतिक र बहुभाषिक समाज हो। हाम्रो संविधानको प्रस्तावनामा यसलाई आत्मसात् गरिएको छ। तर लामो समयसम्म एकल संस्कृतिले राज्य सञ्चालन गरेकाले एकलसांस्कृतिक मूल्य-मान्यता र वैचारिकी उत्पादन भयो। हाम्रो बहुसंस्कृतिलाई बोझका रूपमा लिने प्रवृत्ति मौलायो। विविधतालाई सम्पदा र सामर्थ्यका रूपमा नलिएसम्म देशको विकास सम्भव छैन। जति यसलाई अनावश्यक बोझ वा वितृष्णाको विषय बनाइन्छ, त्यति नै यसले द्वन्द्व बढाउँदै लैजान्छ। त्यसर्थ, विविधताले भरिपूर्ण नेपाली समाजलाई वहुसाँस्कृतिकवादी चिन्तन अत्यन्तै आवश्यक छ। यो पार्टीका हालका ५१ जना सदस्यहरू हेर्दा यी सिद्धान्तअनुसार काम गर्न सक्छन् कि सक्दैनन् भन्ने प्रश्नमा अलि-अलि संशय गर्ने ठाउँ छ। पार्टीमा इन्जिनियर, कलाकार, एनजिओकर्मी र विश्वविद्यालयका विद्यावारिधिवाला सदस्यहरूको राम्रो उपस्थिति छ। तर राजनीतिमा 'राजनीतिक इन्जिनियर'- अनुभवी व्यक्ति र पोख्त कारीगरहरूको भूमिकालाई कमजोर आकलन गर्नु हुँदैन। त्यो अभावलाई सम्बोधन नगरी हुँदैन। नेपाल राष्ट्रको विद्यमान अवस्था हेर्दा कुनै पनि नयाँ र वैकल्पिक दललाई गल्ती गरेर सिक्ने छुट छैन, सिकुञ्जेलमा देश नै ढिलो भइसक्छ।

### अन्तमा,

लोकतन्त्रमा प्रश्न बाहिर कोही हुनु हुँदैन। राज्य र सरकार, दलहरू त सदैव प्रश्नकै कठघरामा उभिनुपर्छ। त्यस्तै, व्यक्तिका रूपमा घिसिङका पनि कमजोरी नहोलान् भन्ने होइन। देउताका मात्र कमजोरी नहुन सक्छ। अहिले कतिपय सञ्चारगृह घिसिङविरुद्धमा हात धोएर लागेका छन्। कतिपयले 'घिसिङले बोल्न त्यति आउँदैन, वाकपटुता छैन' भन्ने टिप्पणी गरेको सुनिन्छ। हाम्रो देशलाई अहिले धेरै बोल्नेभन्दा फटाफट काम गरेर परिणाम निकाल्ने नेतृत्व चाहिएको छ। 'धेरै बोल्ने ओठभन्दा सेवा गर्ने हात महान् हुन्छ'- यो वाणी यत्तिकै जनमानसमा चलेको होइन। प्रश्न गर्नेका दुईवटा नियत हुन्छन्- पहिलो, सुधार्ने; दोस्रो, सिध्याउने। अहिले भएका धेरै प्रश्नहरू दोस्रो नियतले निर्देशित देखिन्छन्। तर प्रश्न यही हो- नेपाली समाज र राष्ट्र यतिबेला निराशाको गहिरो खाडलमा छ, झन् जेनजी विद्रोहपछि त अन्यौलता र अत्यन्त तरल अवस्थामा पुगेको छ। कतिबेला के हुन्छ, भन्न गाह्रो छ। घिसिङ नेपाली समाजको आशाको नयाँ किरण हुन्। आशा जगाउने कोही नभए यो समाज, यो राष्ट्र र व्यक्ति पनि जीवित रहन सक्दैन। आशाको कति महत्व हुन्छ, त्यो स्यामुअल बेकेटको चर्चित कृति वेटिङ फर गोडो ले सविस्तार देखाउँछ।

भर्खरै फुल्न थालेको कोपिलालाई फक्रिन, फैलन र सुवास छर्न मौका दिनुपर्छ- कोपिलानै भाँच्ने कोशिस कहिल्यै गर्नुहुँदैन।

## इतिहासमा आज

२८ नोभेम्बर १९८७ मा दक्षिण अफ्रिकी एयरवेजको उडान २९५ हिन्द महासागरमा दुर्घटनाग्रस्त भयो, जसमा सवार सबै १ सय ५९ जनाको मृत्यु भयो।



२८ नोभेम्बर १९९१ मा दक्षिण ओसेसियाले जर्जियाबाट स्वतन्त्रताको घोषणा गरेको थियो।



२८ नोभेम्बर २०१४ मा उत्तरी नाइजेरियाली सहर कानोको केन्द्रीय मस्जिदमा बन्दुकधारीहरूले तीनवटा बम विस्फोट गराउँदा जसमा कम्तीमा १ सय २० जनाको मृत्यु भएको थियो।



२८ नोभेम्बर २०२० मा इथियोपियाको अक्सुममा इथियोपियाली राष्ट्रिय रक्षा बल र इरिट्रियन सेनाद्वारा ७ सयभन्दा बढी नागरिकहरूको नरसंहार गरिएको थियो।



# समृद्धिको यात्रामा जेनजी विद्रोहले पारेको प्रभाव

विचार



● नारायण प्रसाद पौडेल

शीतयुद्धको समयमा विश्वलाई तीन भागमा विभाजन गरिएको थियो- पहिलो विश्व : अमेरिका र उसका पुँजीवादी मित्रराष्ट्रहरू, दोस्रो विश्व : सोभियत संघ र साम्यवादी राष्ट्रहरू र तेस्रो विश्व : अविकसित वा विकासोन्मुख देशहरू। यस शीतयुद्धकालीन विश्व-राजनीतिक विभाजनले नेपाललाई वैचारिक रूपमा कुनै शक्तिकेन्द्रमा नजोडिएको, आर्थिक रूपमा निर्भर र सामाजिक रूपमा असमान संरचना भएको राष्ट्रका रूपमा परिभाषित गऱ्यो। तेस्रो विश्वको रूपमा नेपालको पहिचान समयसँगै परिवर्तनशील भए पनि यसको आधारभूत संरचनागत स्वरूप भने आज पनि प्रायः उस्तै छ।

यद्यपि पछिल्ला दशकहरूमा नेपालले विकास, आधुनिकीकरण र आर्थिक रूपान्तरणतर्फका केही महत्वपूर्ण सम्भावना निर्माण गर्न थालेको थियो। यसले नेपाललाई तेस्रो विश्वको पारम्परिक छविबाट बाहिर निस्कने आशा जगाएको थियो। पूर्वाधार विकास, जलविद्युत् उत्पादन, अन्तर्राष्ट्रिय कनेक्टिभिटी र भू-राजनीतिक सन्तुलनका क्षेत्रमा देखिन थालेको प्रगतिले नेपाललाई उदाउँदै गएको अर्थतन्त्रको दिशामा अघि बढाउने संकेत दिएको थियो। मध्य-पहाडी लोकमार्ग, बहुउद्देश्यीय व्यापार तथा पारवहन सम्झौता, ऊर्जा निर्यातका प्रारम्भिक तयारी, फास्ट-ट्र्याक र सुरुङ मार्ग निर्माण तथा काठमाडौंबाहिरका बहुसहर विस्तार योजनाले विकासका नयाँ आयामहरू अगाडि ल्याइरहेका थिए। विशेषतः जलविद्युत् क्षेत्र नेपालका लागि उदाउने सम्भावनाको मुख्य आधार बनेको थियो-उत्पादन क्षमता २ हजार मेगावाट नाघिसकेको थियो र निर्यात-केन्द्रित ऊर्जा अर्थतन्त्र निर्माण गर्ने लक्ष्यसमेत अघि बढिरहेको थियो। पर्यटन क्षेत्र पनि कोभिड-१९ पछिको पुनरुत्थानको चरणमा प्रवेश गरिसकेको थियो र कृषि-आधुनिकीकरण तथा खानी क्षेत्रको विकासले दीर्घकालीन आर्थिक रूपान्तरणका लागि आधार तयार गरिरहेको थियो।

नेपालले दीर्घकालीन आर्थिक सुस्तताबाट बाहिर निस्कन अपनाएको कूटनीतिक सन्तुलन भारत, चीन र अमेरिकाबीचको रणनीतिक अन्तरसम्बन्ध व्यवस्थापन जेनजी आन्दोलनअघि अपेक्षाकृत स्थिर थियो। नेपाल विकासको एउटा महत्वपूर्ण मोडबिन्दुतर्फ उन्मुख हुँदै थियो। तर जेनजी आन्दोलनले यी सबै संरचनागत सम्भावनालाई कमजोर बनाउने नयाँ चुनौतीहरू जन्मायो। आन्दोलनले उठाएका राजनीतिक मुद्दाहरू औचित्यपूर्ण भए पनि त्यसको कार्यान्वयन प्रक्रिया, भीडको अराजक व्यवहार, सार्वजनिक सम्पत्तिमा क्षति, सामाजिक-सांस्कृतिक तनाव, प्रशासनिक लकडाउन र सहरी संरचनामा परेको अवरोधले देशको आर्थिक गतिविधि लगभग ठप्प बनायो। सरकारी कार्यालय, बैंकिङ सेवा, यातायात, व्यवसाय र निर्माण परियोजना लामो समय अवरुद्ध हुँदा राष्ट्रिय आर्थिक सूचकांकमा प्रतिकूल असर देखियो। पर्यटन, सेवा क्षेत्र र साना व्यवसायमा आएको गिरावटले महामारीपछिको पुनरुत्थान चक्र पुनः कमजोर बनाइदियो।

राजनीतिक रूपमा आन्दोलनले सिर्जना गरेको अस्थिरताले-सरकारप्रति अविश्वास, नयाँ शक्ति-केन्द्रहरूको उदय र दलगत पुनः रेखांकनजस्ता कारणले दिगो नीति-निरन्तरतामा चुनौती खडा गऱ्यो। यसकै परिणामस्वरूप जलविद्युत् निर्यात सम्झौता, विदेशी लगानीका परियोजना, सडक तथा सुरुङमार्ग निर्माण र अन्तर्राष्ट्रिय व्यापार-पारवहनसम्बन्धी बहुपक्षीय सम्झौतासमेत पुनःसमीक्षाको दवाबमा परे। विकास परियोजनामा देखिएको ढिलाइ वा स्थगनले लामो समयको परिश्रममा आधारित सम्भावनालाई अस्थिर बनाइदिएको छ।

सामाजिक क्षेत्रमा पनि आन्दोलनले नयाँ प्रकारको विभाजनको संकेत दिएको छ। युवा पुस्ताको आक्रोश, राजनीतिक अविश्वास र आर्थिक निराशाको समिश्रणले संरचनागत असन्तोष सतहमा ल्यायो, तर त्यसको दीर्घकालीन समाधानका लागि आवश्यक संस्थागत सुधार भने थालिन सकिरहेको छैन। सामाजिक ऊर्जा राजनीतिक भिडन्तमा खर्चिंदा शिक्षा, स्वास्थ्य, उद्यम, नवप्रवर्तन र प्रविधि क्षेत्रमा उभिँदै गरेको सिर्जनात्मक सम्भावना तत्काल कमजोर देखिन थालेको छ। यसले तेस्रो विश्व राष्ट्रहरूमा देखिने समान समस्या-राजनीतिक अस्थिरता, विकास अवरोध र आर्थिक निर्भरतालाई पुनः बलियो बनाइदिएको छ।

जेनजी आन्दोलनअघि नेपालले देखाएको विकासको गति र सम्भावना तेस्रो विश्वको परम्परागत संरचनाबाट बाहिर निस्कने एउटा अवसर थियो। तर आन्दोलनपछिको राजनीतिक-आर्थिक अस्थिरता, सामाजिक विभाजन र विकास परियोजनामा आएको अवरोधले नेपाललाई पुनः दशकौं पछाडि धकेलेको कठोर यथार्थ प्रस्ट देखिन्छ। यसैले नेपालको तेस्रो विश्व पहिचान आज केवल ऐतिहासिक वर्गीकरण मात्र नभई समसामयिक संरचनागत कमजोरी र नवीकरणीय सम्भावनाबीचको द्वन्द्वात्मक अवस्थाको प्रतिनिधित्व बनेको छ, जहाँ एकातर्फ राष्ट्र उन्नतिको मार्गतर्फ उन्मुख छ भने अर्कोतर्फ त्यही सम्भावनालाई अस्थिरता र अवरोधले पुनः कमजोर बनाइरहेका छन्।

निष्कर्षमा, नेपाल तेस्रो विश्वको परिभाषाभित्र पर्नुपर्ने संरचनागत कारणहरू राख्छ तर विकासका सम्भावना पनि उत्तिकै विशाल छन्। जलविद्युत्, पर्यटन, कृषि-आधुनिकीकरण, प्रविधि क्षेत्र र मानव-स्रोतमुखी विकासमा दीर्घकालीन नीति, स्थिर शासन र पारदर्शी संस्थागत अभ्यास लागू गर्न सके नेपाल विकासोन्मुख राष्ट्रको पारम्परिक सीमाबाट बाहिर निस्कन सक्षम छ। तेस्रो विश्व राष्ट्रका रूपमा नेपाललाई बुझ्दा यसले केवल विकासका कमजोरी मात्र होइन, रूपान्तरण र उन्नतिको विस्तृत सम्भावनालाई समेत संकेत गर्छ, यो पहिचान नेपालका चुनौती र क्षमता दुवैको समिश्रित प्रतिबिम्ब हो।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ। तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ। - सं.

# स्वास्थ्य सेवालाई प्राथमिकता दिन सुझाव

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ११ मंसिर



जिल्ला स्वास्थ्य कार्यालय अर्घाखाँचीको आयोजनामा विशेष पोषण अभियानअन्तर्गत विद्यालय पोषण कार्यक्रम समीक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

आर्थिक वर्ष २०८१/०८२ मा अर्घाखाँचीका ६ वटा स्थानीय तहले सम्पादन गरेका स्वास्थ्य सेवासम्बन्धी पोषण तथा विद्यालय पोषण कार्यक्रमहरूको अवस्थाबारे कार्यक्रममार्फत विस्तृत समीक्षा गरिएको हो । कार्यक्रममा स्वास्थ्य संस्थाहरूका वार्षिक कार्यक्रमको स्वमूल्यांकन, स्वास्थ्य सेवा प्रवाह गर्दा देखिएका समस्या तथा समाधानका उपाय, स्वास्थ्य सेवा सुधार तथा तथ्यांक गुणस्तर अभिवृद्धिका आवश्यक पक्षहरूबारे गहन छलफल गरिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णप्रसाद पोखेलले जानकारी दिए । उनका अनुसार प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक मार्गनिर्देशन र आगामी कार्ययोजना निर्माणमा समेत सरोकारवालाबीच विस्तृत अन्तरक्रिया भएको थियो । विगतको तुलनामा स्वास्थ्य सेवा प्रवाहको अवस्था सुधारउन्मुख रहेको भएपनि स्वास्थ्यकर्मीहरूले राम्रो वातावरण नबनेको गुनासो कार्यक्रममार्फत राखेका थिए ।

समापन सत्रमा बोल्दै प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले समीक्षा कार्यक्रमले विगतका कमीकमजोरी पहिचान गर्दै सेवालाई थप सुदृढ बनाउने अपेक्षा व्यक्त गरे ।

उनले स्वास्थ्य नै नागरिकको जीवनसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले यसलाई नारामा मात्र सीमित नराखी व्यवहारमा उतार्न सबै तह-तप्काका सकारात्मक सोच र कार्य आवश्यक रहेको उल्लेख गरे । साथै स्थानीय तहहरूलाई स्वास्थ्य सेवामा बजेट विनियोजन गरी प्राथमिकताका साथ कार्यक्रम प्रभावकारी बनाउन सुझाव दिए । जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख पोखेलले स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरूले सत्यतथ्यसहितको तथ्यांक सार्वजनिक गर्न सके स्वास्थ्य विकास सूचकमा ठूलो योगदान पुग्ने बताए । मिथ्या तथ्यांकले व्यक्तिगत तथा संस्थागत दुवै क्षेत्रमा नकारात्मक असर पार्ने हुँदा पारदर्शिता महत्वपूर्ण रहेको उनले उल्लेख गरे ।

उनले जोखिमयुक्त क्षेत्रमै रहेर निरन्तर सेवा प्रवाह गरिरहेका स्वास्थ्यकर्मी धन्यवादका पात्र भएको बताए । साथै स्थानीय जनप्रतिनिधि, नागरिक समाज, प्रशासन तथा राजनीतिक दलहरूको सकारात्मक सहयोगबिना स्वास्थ्य सेवा प्रवाहमा सुधार सम्भव नरहेको बताउँदै समन्वय र सहकार्य निरन्तर रहनुपर्नेमा जोड दिए । कार्यक्रममा सन्धिखर्क नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख पूर्णप्रसाद पराजुली, शितगंगाका दामोदर ढकाल, भूमिकास्थानका सुरेश गैरे, छत्रदेवका बुद्धराज न्यौपाने, पाणिनिका रामप्रसाद घिमिरे, मालारानीका भविश्वर खनालगायतले आफ्ना प्रस्तुतिहरू राखेका थिए ।

## Chamunda Bindrasaini Municipality
## Office of the Municipal Executive
**Jambukandh, Dailekh**
**Karnali Province, Nepal**

## Invitation of Electronic Bids

**Date of First publication: 2082/08/11 (27 Nov., 2025)**

1. The Chamunda Bindrasaini Municipally Jambukahdh Dailekh Invite the following electronic Bid From the eligible National Bidders Under National Competitive Biddings.
2. The Details of the Project is as following :

| S.No. | Description | IFB No. | Estimate Amount (With Vat) | Bid Security Amount | Non Refundable Bid Document Fee | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | Purchase of office supplies Chamunda bindrasaini Municipality, Dailekh | SQ/03/2082/083 | **18,81,876.15** | 47,000.00 | 1,000.00 | **2082/08/26 (12 Dec.,2025) 12:00 hours on** | **2082/08/26 (12 Dec.,2025) 14:00 hours on** |

3. The Eligible Bidders May Contract office and Obtain Further Information from PPMO's website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## ओमनमा रोजगार

कम्पनी: AL MAHA AL-AHLIYA TRAD.EST. शहर: OMAN
पूर्व स्वीकृत मितिः २०८२/०८/०९ चलानी नं.: ६०२४७८२९ L.T. No.:334061

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Stylist -female | 0 | 1 | सम्बन्धित काममा दक्ष | 170 | ६२,९८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Manicurist | 0 | 1 | सम्बन्धित काममा दक्ष | 170 | ६२,९८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १९ गते (5 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SUN HILLS OVERSEAS SERVICES PVT. LTD.** Gov.Lic. No. 818/066/067
छाउनी मार्ग, सितापाईला, काठमाडौं, फोन: ०१-५९०४०५८
Email : sunhillsoverseas@gmail.com, info@sunhillsoverseas.com, Web: sunhillsoverseas.com.Mobile: 9813737367 / 9851343472 / 9851343372

## कतारमा रोजगार

कम्पनी : JOINT POWER AUTO MOTIVE शहर : QATAR,DOHA
पूर्व स्वीकृत मितिः २०८२/०२/२६ चलानी नं.: ६०२३८८१३ LT. No.:324883 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५८,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labourer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३९,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १९ गते (5 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**VARSHA MANPOWER PVT. LTD.**
Lic No.: 954/067/068
Basundhara, Kathmandu, Nepal, Tel : 01-5906944, 5908044.
Email: info@varshanepal.comWebsite: www.varshanepal.com

## एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA — एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
लहान शाखा, लहान नगरपालिका
सम्पर्क फोन: +०३३-५६४०१२/१३

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री रामलोचन मण्डलको नाति, ज्ञान कुमार मण्डलको छोरा, मधेश प्रदेश सिराहा जिल्ला, धनगढीमाई नगरपालिका वडा नं. १२ बस्ने २५ वर्षको श्री मानव मण्डलको मिति २०८१/१०/०१ (ई.सं. १४/०१/२०२५) मा मृत्यु भएकोले स्व. मानव मण्डलकी आमा हाल विष्णुपुरकट्टी, धनगढीमाई नगरपालिका वडा नं. १२ बस्ने श्रीमती कोशीला मंडलले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको लहान शाखा, लहान नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence — बैंक पनि, साथी पनि — राम्रो पनि, हाम्रो पनि

## मलेसियामा रोजगार

कम्पनी : MAB AGRICULTURE-HORTICULTURE SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०७/२८ चलानी नं.: ६०२४७३८५ LT. No.: 333725

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plantation Worker | 250 | 0 | स. काममा दक्ष | 1700 | ५७,९३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**प्रि-अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर ७ देखि १२ गते सम्म (23 to 28 November 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १४ गते (30 November 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २,१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Y.K. MANPOWER AGENCY PVT.LTD.**
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu Tel.: (+977-014599181, 014597116), +977 9801234995.
Govt. Lic. No.: 439/074/075
E-mail: ykmanpoweragency@gmail.com, Web.: www.ykmanpower.com

## युएईमा रोजगार

कम्पनी: EMIRATES SECURITY SERVICES LLC शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०८/१० चलानी नं.: ६०२४७७६२ L.T. No.: 333783

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 100 | 0 | स. काममा दक्ष | 2000 | ७७,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १८ गते (4 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SUN LIGHT HUMAN RESORUCE PVT. LTD.** Lic No. 689/063/064
सामाखुसी-०३, काठमाडौं, फोन: ४९८४८३२, ४९८४८३३, 9802341585 , 9700558336, 9864827296.

## युएईमा रोजगार

कम्पनी: ARUN VALLEY BUILDINGS MAINTENANCE AND CLEANING SERVICES L.L.C शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०१/११ चलानी नं.: ६०२३६५८३ LT. No.: 322309 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Layer | 50 | 0 | स. काममा दक्ष | 1200 | ४६,५७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १९, २० र २१ गते (5, 6 & 7 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SRS OVERSEAS SERVICES PVT. LTD.** इजाजत पत्र नं. २५२/०५८/०५९
Dhumbarahi- 4, Kathmandu, Nepal, Tel: 01-5925271/5925261, 9851174498
Email: srsservices252@gmail.com, info@srsoverseas.com.np, Web: www.srsoverseas.com.np

## Bahrain मा रोजगार

Company : NADA DAIRY
पुनः विज्ञापन, पूर्व स्वीकृति मितिः २०८१/०३/३० चलानी नं.:६०२२२२२१ LT No. 307506

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Driver | 10 | 0 | कामम दक्ष | 175 | ६६,१७०।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | छ | [illegible] |
| २. | Laborer | 9 | 0 | कामम दक्ष | 100 | ३७,८१०।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | छ | [illegible] |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | निःशुल्क |

**अन्तरवार्ता २०८२ मंसिर १९ गते (5 Dec., 2025) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ ।**

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
LUCKY H.R. Solution Pvt. Ltd.
श्रम ईजाजत नं.: ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@luckyhrsolution.com

## एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA — एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
दल्लीबजार शाखा, नलगाड नगरपालिका, जाजरकोट
सम्पर्क फोन: +९८०१९८२५५८/९८०१९८२५५९

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री हर्के बुढाको नाति, तिर्थ बहादुर बुढाको छोरा, कर्णाली प्रदेश जाजरकोट जिल्ला, नलगाड नगरपालिका वडा नं. ०६ हाल नलगाड ०६ बस्ने ७० वर्षको श्री जनक बहादुर बुढाको मिति २०८१/११/२० (ई.सं. ०४/०३/२०२५) मा मृत्यु भएकोले स्व. जनक बहादुर बुढाकी पत्नी हाल नलगाड - ०६ बस्ने श्रीमति लाली बुढाले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको दल्लीबजार शाखा, नलगाड नगरपालिका, जाजरकोटमा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence — बैंक पनि, साथी पनि — राम्रो पनि, हाम्रो पनि

## एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA — एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
रमाईलो शाखा, कानेपोखरी गाउँपालिका
सम्पर्क फोन: +९७७-०२१-५८५१६२

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री विदुर खड्काको श्रीमती, डम्बर बं. कार्कीको छोरी, कोशी प्रदेश मोरङ्ग जिल्ला, केरौन गा.वि.स. वडा नं. ०४ हाल कानेपोखरी गा.पा. - ०२ बस्ने ३९ वर्षकी श्रीमती सकुन्तला खड्काको मिति २०८१/०१/११ (ई.सं. ०१/०५/२०२४) मा मृत्यु भएकोले स्व. सकुन्तला खड्काको पति हाल कानेपोखरी गा.पा - ०२ बस्ने श्री विदुर खड्काले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको रमाईलो शाखा, कानेपोखरी गाउँपालिका, रमाईलोमा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence — बैंक पनि, साथी पनि — राम्रो पनि, हाम्रो पनि

## एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA — एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
चन्द्रगढि शाखा, भद्रपुर नगरपालिका, झापा
सम्पर्क फोन: +०२३-४५२१५/१६

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री हिमलाल सेडाईको नाति, धनपति सेडाईको छोरा, कोशी प्रदेश झापा जिल्ला, शनिश्चरे नगरपालिका वडा नं.०७ हाल अर्जुनधारा-११ बस्ने ३९ वर्षको श्री ज्ञानिन्द्र सेडाईको मिति २०८२/०५/२४ (ई.सं. ०९/०९/२०२५) मा मृत्यु भएकोले स्व. ज्ञानिन्द्र सेडाइका बुवा हाल अर्जुनधारा-११ बस्ने श्री धनपति सेडाईले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको चन्द्रगढि शाखा, भद्रपुर नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence — बैंक पनि, साथी पनि — राम्रो पनि, हाम्रो पनि

## एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA — एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
टेकु शाखा, काठमाडौं महानगरपालिका
सम्पर्क फोन: +९७७-०१-४१०४५५३

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री बिराज सिं लामाको नाति, पुर्ण सिं लामाको छोरा, बागमती प्रदेश काभ्रेपलान्चोक जिल्ला, रोशी गाउँपालिका वडा नं. ३ हाल सानेपा-२ बस्ने ३५ वर्षको श्री बुद्ध लामाको मिति २०८२/०४/१४ (ई.सं. ३०/०७/२०२५) मा मृत्यु भएकोले स्व. बुद्ध लामाको बुवा हाल सानेपा-३ बस्ने पुर्ण सिं लामाले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको टेकु शाखा, काठमाडौं महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence — बैंक पनि, साथी पनि — राम्रो पनि, हाम्रो पनि

## एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA — एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
झुम्का शाखा रामधुनी नगरपालिका, सुनसरी
सम्पर्क फोन: +९७७-०२५-५६२०८८/८९

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री सन्त बहादुर श्रेष्ठको नातिनी, दिर्गमान श्रेष्ठको छोरी कोशी प्रदेश सुनसरी जिल्ला, रामधुनी नगरपालिका वडा नं. ५ बस्ने ६४ वर्षकी श्रीमती मंगलमाया श्रेष्ठको मिति २०८२/०६/०९ (ई.सं. २५/०९/२०२५) मा मृत्यु भएकोले स्व. मंगलमाया श्रेष्ठको श्रीमान हाल रामधुनी-५ बस्ने श्री हर्क बहादुर श्रेष्ठले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको झुम्का शाखा, रामधुनी नगरपालिका, सुनसरीमा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence — बैंक पनि, साथी पनि — राम्रो पनि, हाम्रो पनि

## एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA — एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
थली शाखा, कागेश्वरी मनोहरा नगरपालिका, थली
सम्पर्क फोन: +९७७-०१-४४५१००८/९७७-०१-४४५१११९

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री कृष्ण प्रसाद शर्माको नातिनी, मुक्ति नाथ शर्माको छोरी, गण्डकी प्रदेश स्याङ्जा जिल्ला, आँधिखोला गाउँपालिका वडा नं. २ हाल कागेश्वरी मनोहरा नगरपालिका-०६ बस्ने ४७ वर्षको श्री पार्वती उपाध्यायको मिति २०८०/०७/२७ (ई.सं. १३/११/२०२३) मा मृत्यु भएकोले स्व. पार्वती उपाध्यायको छोरा हाल कागेश्वरी मनोहरा नगरपालिका-०६ बस्ने श्री मुकेश पौडेलले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको थली शाखा, कागेश्वरी मनोहरा नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence — बैंक पनि, साथी पनि — राम्रो पनि, हाम्रो पनि

## एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA — एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
न्यूरोड पोखरा शाखा, पोखरा महानगरपालिका
सम्पर्क फोन: +९७७-०६१५७२२२८/०६१-५८८९३७

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री महाविश्व प्रधानको नाति, सुर्यलाल प्रधानको छोरा, गण्डकी प्रदेश स्याङ्जा जिल्ला, पुतलीबजार नगरपालिका वडा नं. ३ हाल छोरेपाटन-१७, पोखरा, कास्की बस्ने ८५ वर्षको श्री शेखर प्रधानको मिति २०८२/०४/३० (ई.सं. १५/०८/२०२५) मा मृत्यु भएकोले स्व. शेखर प्रधानको छोरा हाल छोरेपाटन -१७, पोखरा बस्ने श्री हृदय प्रधानले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकका न्यूरोड पोखरा शाखा, पोखरा महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence — बैंक पनि, साथी पनि — राम्रो पनि, हाम्रो पनि

## एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA — एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
दल्लीबजार शाखा, नलगाड नगरपालिका, जाजरकोट
सम्पर्क फोन: +९८०१९८२५५८/९८०१९८२५५९

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री गोबरधन मल्लको नाति, शिवधन मल्लको छोरा, कर्णाली प्रदेश जाजरकोट जिल्ला, नलगाड नगरपालिका वडा नं. ११ हाल तल्लु-११ बस्ने ७८ वर्षको श्री हस्त बहादुर मल्लको मिति २०८१/०३/२७ (ई.सं. ११/०७/२०२४) मा मृत्यु भएकोले स्व. हस्त बहादुर मल्लकी पत्नी हाल तल्लु-११ बस्ने श्रीमती जय कुमारी मल्लले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको दल्लीबजार शाखा, नलगाड नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence — बैंक पनि, साथी पनि — राम्रो पनि, हाम्रो पनि

# हङकङमा भीषण आगलागी हुँदा ७५ जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** हङकङको उत्तरी जिल्लास्थित आठ भवन भएको एक विशाल आवासीय कम्प्लेक्समा भीषण आगलागी हुँदा ७५ जनाको मृत्यु भएको छ । ७६ जना घाइते भएका छन् । घाइतेमध्ये १० जना अग्निनियन्त्रकहरू समेत रहेका छन् । ती भवनहरूमा अझै केही मानिस फसेका छन् भने ३ सय बढी मानिसको अवस्था थाहा छैन ।



विगत ७० वर्षयता त्यहाँ भएको आगलागीमध्ये यसलाई सबैभन्दा भीषण मानिएको छ ।

सयौं मानिस प्रारम्भिक रूपमा बेपत्ता रहेका भएपनि केहीसँग पछि सम्पर्कमा रहेको जनाइएको छ ।

सयौं अग्निनियन्त्रकहरू आगो निभाउने प्रयासमा लागेका छन् । वाङ्फुक कोर्टस्थित प्रभावित सातमध्ये चारवटा भवनमा आगो नियन्त्रणमा आइसकेको छ । आगलागीको स्पष्ट कारण थाहा भइसकेको छैन । बुधबार दिउँसो वाङ फुक कोर्टका ३१ तले आवासीय ब्लकहरूमा गरिएको मर्मतसम्भार कार्यका क्रममा बाँकी रहेको ज्वलनशील सामग्रीका कारण आगो तीव्र गतिमा फैलिएको बताइएको छ । प्रहरीले 'गम्भीर लापरवाहीका साथ काम गरेको' आरोपमा तीन जनालाई पक्राउ गरेको छ । घटनास्थल नजिकै फोम प्याकेजिङ फेला परेपछि उनीहरूमाथि अनुसन्धान भइरहेको छ ।

## प्रधानमन्त्रीको अभिव्यक्तिप्रति मुस्लिम समुदायको विरोध



**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, ११ मंसिर

कपिलवस्तुको तौलिहवामा मुस्लिम अगुवाहरूले प्रधानमन्त्री सुशीला कार्कीले मुस्लिम महिलासम्बन्धी दिएको अभिव्यक्ति आपत्तिजनक र समुदायविरोधी भएको भन्दै विरोध प्रदर्शन गरेका छन् ।प्रदर्शनमा सहभागीहरूले प्रधानमन्त्रीको अभिव्यक्ति महिला हिंसाविरुद्धको १६ दिने अभियानकै दिन आएकोले यसको संवेदनशीलता अझै गम्भीर बनेको बताएका छन् । उनीहरूले उक्त टिप्पणीले मुस्लिम महिलाको पहिचान, सामाजिक प्रतिष्ठा र धार्मिक मर्यादामा प्रत्यक्ष आघात पुर्‍याएको बताएका छन् ।

